का.जि.प्र.का.द.नं. १००/०५९/६०
१९ असार २०८०,
मंगलबार
4 July 2023,
Tuesday
मूल्य रु. ५/-

# मध्याह्न

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १५९ । पृष्ठ १०
Madhyanha National Daily
www.madhyanhadaily.com



# कर्नरमा एमाले

गत मंसिर चार गते सम्पन्न आम निर्वाचनपछि केन्द्रीय सरकारको नेतृत्व पहिला कसले गर्ने भन्ने नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रभित्रको विवादमा खेल्दै नेकपा एमाले प्रदेशदेखि केन्द्रसम्मै सत्तामा पुगेको थियो ।

**दिवाकर अधिकारी/मध्यान्ह**
काठमाडौं, १८ असार ।

नेकपा एमाले गत मंसिर ४ गते सम्पन्न प्रदेशसभा र प्रतिनिधिसभा सदस्य निर्वाचनपछि केन्द्रदेखि प्रदेश सरकारको हिस्सेदार बन्न पुगेको थियो । प्रतिनिधिसभा र प्रदेशसभाको पहिलो कार्यकालमा आफ्नै पार्टीभित्रको आन्तरिक विवाद व्यवस्थापन गर्न नसक्दा सत्ताच्युत हुन पुगेको एमाले चुनावपछि सत्तामा पुगेपनि त्यो सात महिना पनि टिकेन् ।

कोसी प्रदेशका मुख्यमन्त्री हिक्मत कार्कीले विश्वासको मत नपाएसँगै एमाले सातै प्रदेश सरकारबाट अलग भएको छ । गत पुस १० गते माओवादी केन्द्र, राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा), राष्ट्रिय प्रजातन्त्र पार्टी (राप्रपा) सहितका दलको गठबन्धन बनाएर एमाले सत्तामा गएको थियो । मंसिरको निर्वाचनपछि सत्ता राजनीतिमा फर्केको सात महिनामा एमाले फेरि पुरानै अवस्थामा फर्केको हो ।

प्रतिनिधिसभा विघटन गर्ने तत्कालीन प्रधानमन्त्री केपी शर्मा ओलीको निर्णय सर्वोच्च अदालतले अवैध ठहर गरेपछि नेपाली कांग्रेस नेतृत्वमा नयाँ गठबन्धन बनेपछि एमाले केन्द्रदेखि प्रदेशसम्मका सरकारबाट बाहिरिएको थियो ।

गत मंसिर चार गते सम्पन्न आम निर्वाचनपछि केन्द्रीय सरकारको नेतृत्व पहिला कसले गर्ने भन्ने नेपाली कांग्रेस र नेकपा माओवादी केन्द्रभित्रको विवादमा खेल्दै नेकपा एमाले प्रदेशदेखि केन्द्रसम्मै सत्तामा पुगेको थियो ।

कांग्रेससँगको सत्ता साझेदारीबाट माओवादी केन्द्रलाई अलग गराउँदै एमाले पुष्पकमल दाहाल प्रचण्ड नेतृत्वको सरकारमा सहभागी भयो । माओवादी केन्द्रका अध्यक्षसमेत रहेका प्रचण्डलाई पुस १० गते प्रधानमन्त्रीमा अघि सार्दै एमालेले केन्द्रदेखि प्रदेशसम्मको सत्ता साझेदारीको यात्रा सुरु गरेको थियो। सातै प्रदेशका सरकार र सभामुखसमेतभागबन्डा गरेर माओवादी-एमाले गठबन्धन अघि बढेको थियो । तर माओवादी केन्द्रसँगको एमाले सहकार्य लामो समय टिक्न सकेन । एमालेको समर्थनमा पुस ११ गते प्रधानमन्त्री भएका दाहालले केही समयपछि कांग्रेससँग सहकार्यको हात बढाए । त्यसको असर स्वरुप एमाले सरकारबाट बाहिरिन पुग्यो, प्रतिपक्षमा रहेको पृष्ठ २ मा

## कोशीको नेतृत्व कांग्रेसले गर्ने सहमति



हामी गठबन्धनमा भएका दलहरुको तर्फबाट नेपाली कांग्रेस संसदीय दलको नेता उद्धव थापालाई मुख्यमन्त्रीमा अगाडि सार्न सल्लाह दिने निर्णय भएको छ ।

**राजेन्द्र पाण्डे**
**नेता, नेकपा एकीकृत समाजवादी**



नेपाली कांग्रेको नेतृत्वमा कोशी प्रदेशमा सरकार गठन हुने भएको छ । प्रधानमन्त्रीको सरकारी निवास बालुवाटारमा बसेको सत्ता गठबन्धन दलको बैठकले नेपाली कांग्रेस कोशी प्रदेश संसदीय दलका नेता उद्धव थापालाई मुख्यमन्त्री बनाउने निर्णय गरेको हो ।

उक्त पदमा माओवादी केन्द्रको पनि दाबी रहँदै आएको अवस्थामा सोमबार बालुवाटारमा बसेको संघीय सरकारको गठबन्धनले उक्त सहमति गरेको हो । बैठकपछि नेकपा एकीकृत समाजवादीका नेता राजेन्द्र पाण्डेले कोशीमा कांग्रेसलाई मुख्यमन्त्री दिने सहमति पृष्ठ २ मा

### नयाँ कानूनमा प्रस्ताव

# विदेशबाट मतदान मतपत्रमा 'नो भोट'

चुनावमा पराजित उम्मेदवार ५ वर्षसम्म सोही क्षेत्रको उपनिर्वाचनबाहेक अन्यत्र उम्मेदवार हुन नसक्ने, देशभित्र जहाँसुकैबाट मतदान गर्न पाउने, स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभाको कार्यकाल उम्मेदवारी दर्ताको दिनबाट स्वत: समाप्त भएको मानिने व्यवस्था पनि नयाँ कानूनमा प्रस्ताव गरिएको छ ।

**मुकुन्द लामिछाने/मध्यान्ह**
काठमाडौं, १८ असार ।



विदेशबाट समेत मतदान गर्न पाउने गरी नयाँ कानूनको प्रस्ताव भएको छ । निर्वाचन आयोगले बढीमा मतपत्रमा नो भोटको व्यवस्था समेत हुने गरी निर्वाचनसम्बन्धी कानूनलाई संशोधन र एकीकरण गर्न बनेको विधेयकलाई अन्तिम रुप दिएको छ ।

आयोगको सोमबार बसेको बैठकले उक्त विधेयकलाई गृह मन्त्रालयमार्फत संसदमा पेश गर्ने निर्णय गरेको हो ।

प्रमुख निर्वाचन आयुक्त दिनेश थपलियाका अनुसार विभिन्न निर्वाचनको लागि अलग अलग रहेका सात वटा कानूनलाई एउटै कानून बनाउने गरी एकीकृत कानूनका लागि विधेयक तयार पारिएको हो ।

२०७८ साल पुस १४ गतेको मन्त्रिपरिषदको बैठकले एकीकृत कानूनको मस्यौदा बनाउन निर्वाचन आयोगलाई सैद्धान्तिक सहमति दिएको थियो । त्यसपछि आयोगले ८ सदस्यीय एकीकृत कानून निर्देशन समिति र एकीकृत निर्वाचन कानून तर्जुमा समिति गठन गरेको थियो ।

चुनावको मिति कानूनमै तोक्ने, विदेशमा रहेका नेपालीले समेत मतदान गर्न पाउने, समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत एउटै व्यक्ति तेस्रो पटक सांसद हुन नपाउने, उम्मेदवारी दर्ता गर्दा आफ्नो र परिवारका सदस्यको समेत सम्पत्ति विवरण बुझाउनुपर्नेजस्ता नयाँ विषय एकीकृत कानूनमा समेटिएको छ ।

त्यस्तै चुनावमा पराजित उम्मेदवार ५ वर्षसम्म सोही क्षेत्रको उपनिर्वाचनबाहेक अन्यत्र उम्मेदवार हुन नसक्ने, देशभित्र जहाँसुकैबाट मतदान गर्न पाउने, स्थानीय तह, प्रदेश सभा र प्रतिनिधि सभाको कार्यकाल उम्मेदवारी दर्ताको दिनबाट स्वत: समाप्त भएको मानिने व्यवस्था पनि नयाँ कानूनमा प्रस्ताव गरिएको छ । प्रतिनिधि सभा, प्रदेशसभा, स्थानीय तह र वडाको चुनावमा समेत ३३ प्रतिशत महिला उम्मेदवार हुनुपर्ने र नो भोट लगायतका नयाँ व्यवस्था पनि प्रस्ताव गरिएको छ ।



संघीय संसद, प्रदेश र स्थानीय तहको सदस्य पदमा उम्मेदवार भई पराजित भएको व्यक्ति सोही निर्वाचन क्षेत्र वा तहको उपनिर्वाचन बाहेक त्यस्तो पदको कार्यकाल पूरा नभएसम्म कुनै पनि तहको निर्वाचनमा उम्मेदवार हुन नपाउने व्यवस्था प्रस्ताव गरिएको छ ।

**दिनेशकुमार थपलिया**
**प्रमुख निर्वाचन आयुक्त**

## कानूनमै चुनावको मिति

प्रस्तावित व्यवस्था मस्यौदाअनुसार प्रत्येक तह (संघ, प्रदेश र स्थानीय तह) को चुनाव अघिल्लो चुनाव भएको ४ वर्ष ११ महिना पुगेको अन्तिम आइतबार हुनेछ ।

निर्वाचन आयोगले निर्वाचनको मिति तोक्ने अधिकार आफूलाई दिनुपर्ने माग राख्दै आएको छ । यसमा सरकार सहमत नभइरहेका बेला आयोगले चुनावको मिति कानूनमै तोक्ने गरी नयाँ ऐनका लागि विधेयक तयार गरेको छ ।

हाल निर्वाचन आयोगको परामर्शका नेपाल सरकारले निर्वाचनको मिति तोक्ने व्यवस्था छ । चुनावको मिति फिक्स गर्ने ब्यवस्था प्रस्ताव गरिएको प्रमुख निर्वाचन आयुक्त दिनेश थपलिया बताउँछन् । उनका अनुसार मस्यौदामा लेखिएको 'प्रत्येक तह (संघ, प्रदेश र स्थानीय तह) को चुनाव अघिल्लो चुनाव भएको ४ वर्ष ११ महिना पुगेको अन्तिम आइतबार हुनेछ ।'

साथसाथै उम्मेदवारी दर्ताको दिन प्रतिनिधिसभा र प्रदेश सभाको कार्यकाल समाप्त भएको मानिने व्यवस्था कानूनमै गर्न प्रस्ताव गरिएको छ । एकीकृत पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# विदेशी कामदारको स्वीकृतिमा लगाएको प्रतिबन्ध तत्काल फुकुवा गर्न मलेसिया सरकारसँग माग

**मध्यान्ह संवाददाता**
क्वालालम्पुर, १८ असार

मलेसियन उत्पादक महासंघ (एफएमएम)ले सबै नयाँ विदेशी कामदारको स्वीकृतिमा लगाएको प्रतिबन्ध तत्कालै फुकुवा गर्न सरकारसँग माग गरेको छ । मलेसियाले ९ लाख ९५ हजार ३ सय ९६ विदेशी कामदारको एप्रुभल दिएपछि गत मार्च १८ बाट नयाँ विदेशी कामदारको एप्रुभल रोकेको छ ।

महासंघ अध्यक्ष सो थियान लाइले आमरूपमा विदेशी कामदारको एप्रुभल रोक्ने निर्णयले विदेशी कामदारहरूको पेन्डिङ कोटा स्वीकृतिमा कामदार आउन बाँकी नभएका कम्पनीहरू र नयाँ स्थापना भएका कम्पनीलाई प्रतिकूल असर परेको बताएका छन् । महासंघले विदेशी कामदारको एप्रुभल रोक्ने सरकारी निर्णयले मलेसियाको उत्पादकता र कुल गार्हस्थ्य उत्पादन (जीडीपी)लाई असर गर्ने बताउँदै निर्णय तत्कालै परिवर्तन गर्न माग गरेका छन् ।

मलेसियामा विदेशी कामदारको विषयलाई गृह मन्त्रालयले निर्णय गर्ने गरेको छ । बिहीबार गृहमन्त्री सैफुद्दीन नासुशन इस्माइलले करिब १८ लाख अनुमतिपत्र स्वीकृत भइसकेकाले तत्कालै नयाँ विदेशी कामदारलाई प्रवेश दिने सरकारको कुनै योजना नभएको बताएका थिए । मलेसियन अनलाइन दि स्टारका अनुसार गृह मन्त्रालयले हालसम्म रिक्यालिब्रेसन कार्यक्रममार्फत ६ लाख ८० हजार विदेशी कामदार दर्ता गरेको छ । यसको विपरीत मानव संशाधन मन्त्रालयले १ करोड ३० लाख कामदारका लागि कोटा स्वीकृत गरेको बताएको छ । अध्यक्ष सोह थियानले मूल्यको चाप र कडा वित्तीय अवस्था जस्ता विभिन्न कारणले गर्दा विश्वव्यापी व्यापारसँग प्रतिस्पर्धा झेल्नुपरेको र परिणामस्वरूप स्वीकृत विदेशी कामदार कोटा भएका केही उद्योगहरूले यस वर्षका लागि आफ्नो रणनीति परिमार्जन गर्नुपरेको बताए ।

सरकारले केही उद्योगहरूले कामदार ल्याउन जानजान ढिलाइ गरेको बताउने गरेको छ । तर अध्यक्ष सोह थियानले विदेशी कामदारको लेवी भुक्तानी गरिसकेका उद्योगहरूले जानाजानी स्वीकृत कोटामा कामदार ल्याउन ढिलाइ नगर्ने दाबी गरेका छन् । सोहले विदेशी कामदारको नयाँ एप्रुभल रोक्ने निर्णय अहिलेकै अवस्थामा यथावत् भए मलेसियामा नयाँ विदेशी लगानीसमेत खतरामा पर्ने भन्दै सरकारी पक्षको ध्यानाकर्षण गराएका छन् ।

कतिपयले मलेसिया गएका कयौं आप्रवासी पृष्ठ २ मा

## रोमानिया पठाइदिने भन्दै ठगी गर्ने पक्राउ

**काठमाडौं/मस–** वैदेशिक रोजगारका लागि रोमानिया पठाइदिने प्रलोभनमा पारी रकम ठगी गर्ने एक व्यक्तिलाई प्रहरीले पक्राउ गरेको छ । सन्तोष गुरुङसमेतलाई वैदेशिक रोजगारीका लागि रोमानिया पठाइदिन्छु भन्दै ४ लाख रुपैयाँ ठगी गरेको अभियोगमा प्रहरीले बर्दिया ठाकुरबाबा नगरपालिका वडा नं. २ स्थायी घर भइ हाल काठमाडौंको बाफल बस्ने ससिन कुमार थापालाई आइतबार बाफलबाट पक्राउ गरिएको प्रहरीले बताएको छ । पृष्ठ २ मा

म्यानपावर बिक्रीमा

चालु अवस्थामा रहेको कुनै पनि उजुर बाजुर नभएको मेनपावर बिक्रीमा रहेकोले म्यानपावर लिन ईच्छुक व्यक्तिहरुले तु–सम्पर्क गर्नु होला ।

सम्पर्क : ९८५१०३५८३०

UAE को प्रतिष्ठित Jems Int'l School मा
पुरुष कामदारहरूको लागि रोजगारी

कम्पनी: INFRACARE MAINT. & CLEANING LLC — शहर: UAE
पूर्व स्वीकृत मिति:२०८०/०३/१२ — चलानी नं.:६०२०३८९९ — LT. No.:288689

| सि.नं. | कामदारको पद | माग संख्या पुरूष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 200 | 0 | स. काममा दक्ष | 800 | २८,५२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

सामान्य अंग्रेजी र हिन्दी बोलचाल गर्न सक्ने र उमेर १८ देखि ३८ वर्ष सम्म हुनुपर्नेछ ।

फाइनल अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार १९ (आज), २० भोलि (4 & 5 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/ प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/– कामदारले तिर्ने | रु. १,५००/– कामदारले तिर्ने | नि:शुल्क |

साथै UAE को प्रतिष्ठित UIG Group कम्पनीबाट Mason, Carpenter, Still fixer, Scaffolder, Labour Helper को माग भई आएकोमा फाइनल अन्तर्वार्ता प्रधान कार्यालय काठमाडौंमा: असार १९ (आज) २१ र २२ गते हुनेछ ।

पूर्व स्वीकृत मिति: २०७८/०९/२० — चलानी नं.:६०१७२०४६ — LT. No.: 255573

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

अञ्जली ओभरसिज सर्भिस प्रा. लि.
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटो हुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 4987207 | 4982296 | E-mail : pro@anjalioverseas.com.np
Mobile No.: 9801012690 | 9801175502 | 9801175503 | 9801051244
श्रम इजाजत नं. ६३९/०६३/०६४

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com

१९ असार २०८०, मंगलबार
4 July 2023, Tuesday

# अन्तरजातीय विवाह गरेको भन्दै आगजनी गर्नेविरुद्ध मुद्दा दर्ता

**सरिता पराजुली/मध्यान्ह**
जुम्ला, १८ असार



जुम्लामा आफ्नी बहिनीलाई भगाएर बिहे गरेको निहुँमा दलित समुदायका केटाको घरमा आगजनी गरेको आरोपमा हिम्मत गिरीविरुद्ध प्रहरीले मुद्दा दर्ता गरेको छ । अन्तरजातीय विवाह गरेकै कारण जातीय भेदभावपूर्ण बदला लिने उद्देश्यले घरमा आगजनी गरिएको भन्दै जिल्लाका दलित अधिकारकर्मी र संघसंस्थाहरूले दबाब बढाएपछि प्रहरीले आगो लगाउने गिरीविरुद्ध मुद्दा दर्ता गरेको हो ।

तातोपानी गाउँपालिका-४ का गिरीले आइतबार बिहान ४ बजे सोही गाउँमा रहेको केटाको घरमा आगो लगाइदिएका थिए ।

उनलाई प्रहरीले आइतबारै नियन्त्रणमा लिएको थियो । हिम्मतसँगै केटीका बुबा श्रीराम गिरी र काका नारायण गिरीविरुद्ध पनि किटानी जाहेरी दर्ता भएको छ । त्यसक्रममा उनले आफूले रिसको झोकमा आएर आगो लगाएको प्रहरीसमक्ष स्वीकार गरिसकेका छन् । जातजातिका आधारमा 'छुवाछुत वा अन्य भेदभावपूर्ण व्यवहार कसुर' मा मुद्दा दर्ता गरी अनुसन्धान अघि बढाइएको जिल्ला प्रहरी कार्यालय जुम्लाका प्रहरी सहायक निरीक्षक राजु सार्कीले जानकारी दिए ।

दुई वर्षको प्रेम सम्बन्धपछि एकै गाउँका मुकुन्द नेपाली र बसन्ती गिरीले भागेर विवाह गरेका थिए । उनीहरूले भागेर विवाह गरेको ४ दिनपछि केटीका दाजु हिम्मतले मुकुन्दको घरमा आइतबार बिहान आगो लगाइदिएका हुन् । घरमा कोही नभएका कारण मानवीय क्षति नभएपनि घर पूर्णरुपमा जलेको छ ।

अन्तरजातीय विवाह गरेकै कारण केटाको परिवारको सर्वस्व मास्ने र ज्यानसमेत जोखिममा पार्ने गरी घरमा आगो लगाइएको भन्दै जुम्लाका दलित संघसंस्था र अधिकारकर्मीले दोषीलाई कडा कारबाहीको माग गरेका छन् । दलित सेवा संघ जुम्लाका अध्यक्ष भीमबहादुर सार्कीले अन्तरजातीय विवाह गरेकै कारण केटाको घरमा आगो लगाउनु जातीय भेदभाव र छुवाछुतको जघन्य कसुर भएको बताएका छन् ।

संघले ज्यान मार्ने उद्देश्यले घरमा आगो लगाइएको दाबी गर्दै कडा कारबाही र आगजनीका कारण नष्ट भएको चल, अचल सम्पत्तिको मूल्यबराबरको क्षतिपूर्ति दिनुपर्ने माग गरेको छ। संघले आइतबार विज्ञप्ति जारी गर्दै गिरीले मुलुकी अपराध संहिता, २०७४ र जातीय तथा अन्य छुवाछुत र भेदभाव कसुर सजाय ऐन २०६८ विपरीत कसुर गरेको भन्दै त्यसअनुसार मुद्दा दर्ता गरी कानुनी कारबाही गर्न प्रहरीको ध्यानाकर्षण गराएको थियो ।

सदस्यको निर्वाचनको लागि उम्मेदवारी दाखिला गर्ने दिन त्यस्तो सभाको कार्यकाल स्वत: समाप्त भएको मानिनेछ ।'

प्रतिनिधि सभाको अघिल्लो कार्यकालमा प्रतिनिधि सभाको कार्यकाललाई लिएर राजनीतिक दलहरुका बीचमा विवाद भएको थियो ।

विदेशमा रहेका नेपालीहरुले सम्बन्धित देशबाटै भोट हाल्न पाउने व्यवस्था एकीकृत मस्यौदामा छ । विदेशमा रहेका नेपालीहरुले समानुपातिक तर्फ मात्रै मतदान गर्न पाउने प्रस्ताव गरिएको छ ।

'आयोगले विदेशमा रहेका मतदाता नामावलीमा नाम समावेश भएका व्यक्तिलाई नेपाली कुटनीतिक नियोगको सहयोगमा सोही मुलुकबाटै प्रतिनिधिसभाको समानुपातिक तर्फको निर्वाचन प्रणाली अनुसार हुने निर्वाचनमा मतदान गर्ने व्यवस्था मिलाउने' एकीकृत ऐनको मस्यौदामा उल्लेख छ ।कानुन बन्नुअघि नै निर्वाचन आयोगले विदेशमा रहेका नेपालीहरुको मतदाता नामावली दर्ता अगाडि बढाउने भएको छ। आगामी साउन एक गतेदेखि विदेशमा रहेका नेपालीहरुको मतदाता नामावली संकलन सुरु गर्ने तयारी रहेको प्रमुख आयुक्त थपलियाले बताए ।

पहिलो चरणमा खाडी मुलुकहरु युनाइटेड अरब इमिरेट्स, कतार, मलेसियामा मतदाता नामावली संकलन गरिनेछ ।

निर्वाचन आयोगले समानुपातिक निर्वाचन प्रणालीमा एक व्यक्ति दुई पटक मात्रै उम्मेदवार हुन सक्ने गरी कानुन मस्यौदा गरेको छ । 'प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा सदस्यमा समानुपातिक निर्वाचन प्रणालीबाट दुई पटक निर्वाचित भइसकेको व्यक्ति सोही निर्वाचन प्रणाली बमोजिम हुने निर्वाचनमा उम्मेदवार हुन नसक्ने' एकीकृत मस्यौदामा भनिएको छ ।

उम्मेदवारको बन्दसूची तयार गर्दा राजनीतिक दलले कुल सदस्य संख्याको कम्तीमा २५ प्रतिशत सदस्यका लागि उम्मेदवारी दिनुपर्ने व्यवस्था पनि प्रस्ताव गरिएको छ ।

भोट हाल्न गाउँ पुग्न नसक्नेहरुका लागि आयोगले अस्थायी मतदाताको रुपमा नाम दर्ता गर्न पाउने सुविधा दिन कानुन प्रस्ताव गरेको छ । तर, आफ्नो मतदान केन्द्रबाहेकबाट मतदान गदा समानुपातिकतर्फ मात्रै मतदान गर्न पाइने मस्यौदामा उल्लेख छ ।

'प्रतिनिधि सभा सदस्यको समानुपातिक निर्वाचन प्रणाली अन्तर्गत हुने निर्वाचनका लागि निर्वाचन कार्यमा खटिएका कर्मचारी वा सुरक्षाकर्मी, निर्वाचन पर्यवेक्षक, विदेश भ्रमणमा जाने लगायतका आफ्नो मतदान केन्द्रमा उपस्थित हुन असमर्थ हुने मतदाताले तोकिएको मतदान केन्द्रमा उपस्थित भई अग्रिम मतदान गर्न सक्ने', मस्यौदामा उल्लेख छ ।

प्रदेश सभा र प्रतिनिधिसभा सदस्यको प्रत्यक्ष तर्फको उम्मेदवारी दर्ता गराउँदा सम्बन्धित दलले कुल उम्मेदवारको ३३ प्रतिशत महिला उम्मेदवार तय गर्नुपर्ने व्यवस्था प्रस्ताव गरिएको छ ।

स्थानीय तहको अध्यक्ष वा उपाध्यक्ष, प्रमुख वा उपप्रमुख मध्ये कम्तीमा एक जना महिला उम्मेदवार हुनुपर्ने । एउटा पदमा मात्र उम्मेदवार दिँदा महिला उम्मेवार दिनुपर्ने' प्रस्तावित व्यवस्था छ । स्थानीय तहको प्रमुख र उपप्रमुखमध्ये एक जना महिला उठाउनुपर्ने हालको कानुनी व्यवस्था छ।

निर्वाचन सम्बन्धी एकीकृत कानुनको मस्यौदाले जुनसुकै तहको चुनावमा पराजित भएको ५ वर्षसम्म तीन वटै तहको उम्मेदवार बन्न अयोग्य हुने भनेको छ । यदि आफू पराजित भएको क्षेत्रमा उपनिर्वाचन भएमा मात्र उम्मेदवार बन्न पाउने कानुन प्रस्ताव गरिएको छ । 'संघीय संसद, प्रदेश र स्थानीय तहको सदस्य पदमा उम्मेदवार भई पराजित भएको व्यक्ति सोही निर्वाचन क्षेत्र वा तहको उपनिर्वाचन बाहेक त्यस्तो पदको कार्यकाल पुरा नभएसम्म कुनै पनि तहको निर्वाचनमा उम्मेदवार हुन नपाउने' प्रस्तावित व्यवस्थामा उल्लेख छ ।

हाल स्थानीय तहको चुनावमा पराजित भएकाहरु प्रदेश सभा र प्रतिनिधिसभा र राष्ट्रिय सभा सबैतिर छन् । साथसाथै, आफू पराजित भएको क्षेत्रमा उपनिर्वाचन भएमात्रै उम्मेदवार हुन सक्ने व्यवस्था पारित भएमा निर्वाचन क्षेत्र बदलेर उपनिर्वाचनमार्फत जनप्रतिनिधि बन्न चाहनेहरुका लागि समेत बाटो बन्द हुनेछ ।

निर्वाचन सम्बन्धी कानुनमा पहिलो पटक नो भोट (उम्मेदवार स्वीकार नगर्ने) को व्यवस्था प्रस्ताव गरिएको छ। यो व्यवस्था पारित भएमा मतदाताले मतदानमा सहभागी भएर कुनै पनि उम्मेदवारलाई समर्थन गर्दिन भन्न पाउनेछन् । नो भोटको बहुमत भएमा निर्वाचन नै रद्ध हुनेछ ।

'मतपत्र गणना गर्दा कुनै पनि उम्मेदवारलाई समर्थन नरहेको मतसंख्या त्यस्तो निर्वाचनमा मतदान भएको कूल सदर मतको पचास प्रतिशत भन्दा बढी भएका त्यस्तो निर्वाचन रद्ध हुनेछ' मस्यौदामा उल्लेख छ ।

## विदेशी...

कामदार रोजगारी नपाएर अलपत्र परेको बताएका छन् । अध्यक्ष सोहले आउटसोर्सिङ एजेन्टहरूलाई भर्तीको लागि अनुमति नदिन सरकारलाई बारम्बार सम्झाएको बताउँदै भनेका छन्, 'रोजगारदातालाई मात्रै विदेशी कामदार ल्याउने अनुमति दिनुपर्ने छ, कुनै व्यक्तिलाई विदेशी कामदार ल्याउने अधिकार हुनु हुँदैन ।'

मलेसियामा विदेशी कामदार भर्ना प्रकरणको अलमलको असर उक्त मुलुक जाने नेपाली कामदार र रेमिट्यान्समा आधारित नेपाली अर्थतन्त्रमा समेत परेको छ । वैदेशिक रोजगारीका लागि मलेसिया जाने क्रम गत कात्तिकदेखि घट्न थालेको छ । कात्तिकको तुलनामा वैशाख महिनामा रोजगारीका लागि मलेसिया जानेक्रम ५५ प्रतिशत भन्दा बढीले घटेको छ । गत कात्तिकमा २५ हजार ३ सय ४० नेपाली कामदार गएको मलेसियामा वैशाख महिनामा ११ हजार ३ सय १० जना मात्र संस्थागत अर्थात् म्यानपावर कम्पनीमार्फत गएका छन् । वैदेशिक रोजगार विभागले जेठ महिनामा मलेसिया गएका कामदारको विवरण सार्वजनिक गरिसकेको छैन ।

## रोमानिया...

थापालाई थप अनुसन्धान तथा कारबाहीका लागि वैदेशिक रोजगार विभाग ताहाचल, पठाइएको प्रहरीले बताएको छ ।

## कर्नरमा...

कांग्रेस सत्तामा फर्कियो । नयाँ राष्ट्रपति निर्वाचनका लागि उम्मेदवारी मनोनयन गर्ने दिन फागुन १३ गतेसम्म आइपुग्दा माघ १० गते निर्माण भएको गठबन्धन भत्कन पुग्यो । कांग्रेस नेतृत्वमा रहेको पुरानो गठबन्धन ब्युँतिँदा एमाले १०० दिनको हनिमुनको समय अवधि पनि पूरा नगर्दै केन्द्रीय सरकारबाट बाहिरिन पुग्यो । त्यसपछि एमाले प्रदेश सरकारबाट पनि बाहिरिन गयो । यसको पछिल्लो असर कोसी प्रदेश सरकारमा परेको हो ।

## कोशीको...

भएको जानकारी दिए ।
उनले भने, हामी गठबन्धनमा भएको दलहरुको तर्फबाट नेपाली कांग्रेस संसदीय दलको नेता उद्धव थापालाई मुख्यमन्त्रीमा अगाडि सार्न सल्लाह दिने निर्णय भएको छ ।'

कोशीमा प्रदेश प्रमुख पर्शुराम खापुङले बुधबारसम्म मुख्यमन्त्रीमा दाबी पेस गर्न सूचना जारी गरेका छन् । खापुङले नेपालको संविधान धारा १६८ को उपधारा २ अनुसार दुई दल वा दुईभन्दा बढी दल मिलेर सरकार गठनका लागि आह्वान गरेका छन् ।

## कानूनमै ...

कानुनको मस्यौदामा लेखेको छ, ' प्रतिनिधि सभा सदस्य वा प्रदेश सभा

### हकदावी सम्बन्धी ३५ दिने सूचना

संस्था दर्ता ऐन २०३४ बमोजिम मिति २०७८/०८/०६ मा दर्ता भएको **दर्ता नं. ५३०६१** को **छाडा पशु कल्याण संस्था** को मिति २०८०/०२/२९ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम संस्था दर्ता ऐन २०३४ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस संस्थासँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः कृष्णचन्द्र भट्टराई, इजाजतपत्र नं. ५५९, फोन नं. ९८४१२५६८४६**

VACANCY ANNOUNCEMENT

Shalmani Overseas Pvt. Ltd, a Fair & Ethical Recruitment organization, is opening the vacancy notice for interested candidates on the following positions.

Designation : Receptionist
No of Requirements : 1 (Female)
Work Experience : Minimum 2 Years of work experience in related field.

Designation : Documentation Officer
No of Requirements : 2 (Male/Female)
Minimum 2 Years of work experience in related field.

SALARY Negotiable

Age Should Be Above 25

Manpower Related Experienced Candidate Will Be Given Priority.

To apply please submit your CV on info@shalmanioverseas.com

Shalmani Overseas Pvt. Ltd
Koteshwor, Kathmandu, Nepal
01-5147227/5147228
9808200277
श्रम इजाजत नं. ८२८/०६६/०६७

UAE मा वैदेशिक रोजगारको अवसर

कम्पनीः DULSCO LLC    शहरः UAE
पूर्व स्वीकृत मितिः २०८०/०३/१८    चलानी नं.: ६०२०४२१२    LT. No.: 288910

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Porter | 50 | 0 | सम्बन्धित कामा दक्ष | 900 | ३२,०९४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Cleaner | 50 | 0 | | 900 | ३२,०९४ | | | | | | | |
| 3. | Building Labour | 50 | 0 | | 900 | ३२,०९४ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार २६ गते (11 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

अञ्जली ओभरसिज सर्भिस प्रा. लि.
श्रम इजाजत नं. ६३९/०६३/०६४
सामाखुशी, काठमाडौं, (चोकबाट अल नेपाल हस्पिटलको बाटोहुँदै महादेवटार हाइट जाने बाटो)
Tel : 01- Tel : 01- 4987207/4982296, E-mail : pro@anjalioverseas.com.np

कतारमा वैदेशिक रोजगारको अवसर

कम्पनीः elegancia facilities management    शहरः Doha,Qatar
पूर्व स्वीकृत मितिः २०७९/०७/१७    चलानी नं.: ६०१९०४३६    L.T. No.: 274797    पुनः विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब QR | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | LABOUR | 61 | 0 | सम्बन्धित काममा दक्ष | 1000 | ३५,९४० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | TECHNICIAN | 95 | 0 | | 1100 | ३९,५३४ | | | | | | | |

अन्तर्वार्ता सेन्टर पोइन्ट होटल, विर्तामोड, झापामा २०८० असार २६ गते (11 July 2023) मा हुनेछ ।
अन्तर्वार्ता खुकुरी होटल, इटहरी, सुनसरीमा २०८० असार २७ गते (12 July 2023) मा हुनेछ ।
अन्तर्वार्ता बसुन्धारा पार्टी प्यालेस, काठमाडौंमा २०८० असार २८ गते (13 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

ADVANCED MANAGEMENT CONSULTANTS
"manpower supply & recruitment consultant"
Govt. License No.: 1470/074/075
TOP 1 (FY 2020-2021) TOP 11 (FY2021-2022) ISO 9001:2015
एडभान्स्ड म्यानेजमेन्ट कन्सल्टेन्स प्रा.लि.
Samakhushi-26, Kathmandu, Nepal    01-4964211, 4974211
info@amgroup.com.np    www.amgroup.com.np
Talk with AMC Representative 9801080183, 9801029663, 9801044493, 9801021737
9801080059, 9801044492, 9817002440, 9801080096

**Government of Nepal**
**Ministry of Physical Infrastructure and Transport**
**Department of Roads**
**Federal Highway Supervision and Monitoring Office**
**Road Division, Doti**

## Invitation for Bids

**Notice No: 01-RDDOT/2080/081**
**Date of First Publication: 2080/03/19**

1. Government of Nepal, Ministry of Physical Infrastructure and Transport, Department of Roads, Road Division Doti invites open Competitive Bidding electronic bids from eligible bidders for the following works under National Competitive Bidding procedure.

| S. N. | Contract No. | Name of work | Cost Estimate (NRs) Excluding VAT | Bid Security Amount (NRs) | Fee for Bid Document (NRs) |
|---|---|---|---|---|---|
| 1 | RDDOT/337011384 /2080/081-001 | Improvement Works on Silgadhi- Chaukhutte Road, Doti CH 0+000 to 41+000 | 11,171,167.26 | 280,000.00 | 3000.00 |
| 2 | RDDOT/337011384 /2080/081-002 | Improvement Works on Seti Highway CH 0+000 to 65+000 | 12,835,618.72 | 330,000.00 | 3000.00 |
| 3 | RDDOT/337011384 /2080/081-003 | Improvement Works on Mahakali Highway (Faltude Gaira section) Chainage 67+400 to 99+000 | 12,817,712.85 | 330,000.00 | 3000.00 |
| 4 | RDDOT/337011384 /2080/081-004 | Improvement Works on Mahakali Highway ( Gaira-Syaule section) Chainage 99+400 to 130+100 | 8,564,315.68 | 220,000.00 | 3000.00 |
| 5 | RDDOT/337011384 /2080/081-005 | Improvement Works on Mahakali Highway (Bagbazar-Anarkholi section) Chainage 134+000 to 152+400 | 12,819,138.75 | 330,000.00 | 3000.00 |
| 6 | RDDOT/337310113 /2080/081-006 | Reactive/Recurent Maintenance Work of Seti Highway & Silgadhi-Chaukhutte Road | 3,159,926.86 | 80,000.00 | 3000.00 |
| 7 | RDDOT/337310113 /2080/081-007 | Reactive/Recurent Maintenance Work of Mahakali Highway | 9,199,375.97 | 230,000.00 | 3000.00 |
| 8 | RDDOT/337310113 /2080/081-008 | Periodic Maintenance of Silgadhi Chaukhutte Road NH 03, Chainage 30+000~41+000 | | 670,000.00 | 5000.00 |
| 9 | RDDOT/337310113 /2080/081-009 | Periodic Maintenance of Mahakali Highway NH 03, Chainage 130+000~136+000 | 16,145,213.04 | 410,000.00 | 3000.00 |
| 10 | RDDOT/337310113 /2080/081-010 | Specific Maintenance Works on Silgadhi- Chaukhutte Road, Doti CH 0+000 to 41+000 | 7,745,366.08 | 200,000.00 | 3000.00 |
| 11 | RDDOT/337310113 /2080/081-011 | Road Safety works in Mahakali Highway , Seti Highway and Silgadi Chaukhutte Road, Doti | 8,946,909.75 | 230,000.00 | 3000.00 |
| 12 | RDDOT/337011694 /2080/081-012 | Road Improvement Works on Samuhagad Napani Chirkhitte Road Doti | 4,273,214.66 | 110,000.00 | 3000.00 |
| 13 | RDDOT/337011694 /2080/081-013 | Roadway Excavation, Structure and Pavement works along Bhatkanda Matela Badal Rel Uchhakot Road, Dadeldhura | | 1,470,000.00 | 5000.00 |
| 14 | RDDOT/337011694 /2080/081-014 | Structure and Pavement works along Sallaghari Ugratara Aeit Bagbazar Road, Dadeldhura | | 2,140,000.00 | 5000.00 |
| 15 | RDDOT/337011694 /2080/081-015 | Structure and Pavement works along Gaira Gankhet Aalital Road, Dadeldhura | | 2,140,000.00 | 5000.00 |
| 16 | RDDOT/337011694 /2080/081-016 | Roadway Excavation, Structure and Pavement works along Jogbudha Sirsha Rupal Road, Dadeldhura | | 2,140,000.00 | 5000.00 |
| 17 | RDDOT/337011694 /2080/081-017 | Roadway Excavation, Structure and Pavemnet works along Bagarkot-Sirad-Rupal Road, Dadeldhura | | 510,000.00 | 5000.00 |
| 18 | RDDOT/337310113 /2079/080-039 | Rehabilitation/Post Monsoon works along Mahakali Highway(Shahukhark to Anarkoli section) | | 1,030,000 | 5000.00 |

2. Eligible Bidders may refer complete set of Bid Document for further information at Road Division Doti or PPMO's website: www.bolpatra.gov.np/egp. And Bidders shall have the option of submitting their bids electronically only.
3. For details, bidders are advised to visit website: www.bolpatra.gov.np/egp.
4. All the rights to accept or reject the bid partially or fully are reserved to Road Division, Kulpate, Doti without giving any reason/justification.

**Division Chief**

सिरहा डायरी

मनु यादव निरज/मध्यान्ह

## राज्यमन्त्री यादवद्वारा विकास निर्माण कार्यको अनुगमन



मधेस प्रदेशका राज्यमन्त्री सञ्जय यादवले संसदीय कोषको बजेटबाट हुन लागेको विकास निर्माणबारे गाउँगाउँ पुगेर अनुगमन तथा निरीक्षण गरेका छन् ।

मन्त्री यादव सिरहाको नवराजपुर गाउँपालिका वडा नं.१ देखि वडा नं. ५ सम्म पुगेर अनुगमन तथा निरीक्षण गरेका हुन् ।

अनुगमनका क्रममा राज्यमन्त्री यादवले नवराजपुर गाउँपालिकाका जनमत पार्टीका अध्यक्ष राम शंकर यादव, नवराजपुर वडा नं.३ का प्रत्यासी उम्मेदवार रामसुरेश यादव लगायत स्थानीयहरूसँग कुराकानी गरेका थिए । उनले विकास कार्यमा सबैलाई सहभागीतामूलक पहुँच गर्न आह्वान समेत गरेका छन् ।

## जनजाति महिलालाई अगरबत्ती बनाउने तालिम

सरहाको भगवानपुर गाउँपालिका वडा नं. ५ इनर्वामा अगरबत्ती र मैनबत्ती बनाउने तालिम सम्पन्न भएको छ । माउन्ट एभरेष्ट नेपालको आयोजना तथा भगवानपुर गाउँपालिकाको सहयोगमा वडा नं. ५ को श्री हनुमान प्रसाद शारदा माविमा तालिम सम्पन्न भएको हो ।

वडा नं. ५ का वडा अध्यक्ष अमरलाल यादवको अध्यक्षतमा भएको समापन कार्यक्रममा भगवानपुर गाउँपालिका अध्यक्ष उग्रनारायण यादवको प्रमुख आतिथ्यतामा सम्पन्न भएको थियो । तालिममा ४५ जना महिलाकोको सहभागिता रहेको आयोजक संस्थाका संयोजक भागवत प्रसाद यादवले बताए । मैनबत्ती तालिमका प्रशिक्षक सन्तोष कुमार यादव र सुनिता कुमारी कामती रहेका थिए ।

अगरबत्ती तालिमको प्रशिक्षक सन्जिला कुमारी यादव र नरेश पासवान रहेका थिए । तालिम असार १० गतेदेखि १६ गतेसम्म सञ्चालन भएको आयोजक संस्थाले जनाएको छ ।

# हरिगाउँमा 'एक घर एक धारा'

जनक श्रेष्ठ/मध्यान्ह
लमजुङ, १८ असार



लमजुङको दोर्दी गाउँपालिका वडा नं. ६ हरिगाउँमा एक घर एक धारा जडान गरिएको छ ।

यहाँका स्थानीयलाई शुद्ध खानेपानी घरघरमै पुऱ्याउन दोर्दी गाउँपालिका र गोरखा वेल्फेयर ट्रष्टले घरपिच्छे धारा जडान गरेको हो । 'चेनासा हरिगाउँ आमा समुह भवनमा एक धारासहित ४३ वटा खानेपानीको धारमा निर्माण गरिएको छ' गोरखा वेल्फेयरका आयोजना प्रबन्धक बेलबहादुर गुरुङले भने । करिब ४० लाख ५१ हजार रुपैयाँ लगानीमा उक्त खानेपानी धारा जडान गरिएको हो ।

सो रकममध्ये दोर्दी गाउँपालिकाको ४ लाख २३ हजार ६ सय ७८ रुपैयाँ र गोर्खा वेल्फेयरले ३० लाख ४० हजार ५ रुपैयाँ १३ रुपैयाँ ४२ पैसा रहेको उनको भनाइ छ। त्यस्तै, स्थानीयको ५ लाख ८७ हजार २ सय ६२ रुपैयाँ ५४ पैसा बराबर श्रमदान रहेको बताइएको छ।

वि.सं.२०८० वैशाख ७ गते गते निर्माण शुरु गरिएको उक्त आयोजना यही असार १४ गते निर्माण सम्पन्न भएको थियो ।

गोर्खा वेल्फेयर ट्रष्टका प्रवन्धक बेलबहादुर गुरुङले गाउँपालिका अध्यक्ष युवराज अधिकारी र खानेपानी तथा सफाइ उपभोक्ता समितिका अध्यक्ष बिराज गुरुङलाई सोमबार उक्त आयोजना हस्तान्तरण गरे । आयोजना हस्तान्तरण पश्चात् खानेपानी धारा उद्घाटन गर्दै गाउँपालिका अध्यक्ष अधिकारीले गाउँपालिकाले घरैपिच्छे धारा पुऱ्याउने अभियानलाई तीव्रता दिइएको बताए ।

पालिका भित्रका नागरिकलाई शुद्ध खानेपानीसहित घरैपिच्छे धारा पुऱ्याउन बाँकी रहेको घर टोलमा छिट्टै धारा पुऱ्याउने लक्ष्य रहेको उनको भनाइ छ। वडाध्यक्ष नन्दराज घलेले स्थानीयलाई पानीको दुःख रहेको भन्दै घरैपिच्छे धारा बनेपछि सहज बनाएको बताए । यसअघि सार्वजनिक धारा २ वटा मात्र रहेपनि यतिबेला घरघरमै धारा आएपछि स्थानीय हर्षित भएका छन् ।

## बारले अदालती कामलाई असर नपर्ने गरी विरोध गर्ने



काठमाडौं/मस- नेपाल बार एशोसिएसनले अदालतभित्रै कर्मचारी कुटेको आरोपमा कानून व्यवसायीलाई पक्राउ गरिएको विरोधमा मंगलबार अदालतको कामलाई असर नपर्ने गरी विरोध गर्ने भएको छ ।

बारको आन्दोलनका कारण सोमबार सर्वोच्च अदालतदेखि देशभरका अदालतमा बन्दीप्रत्यक्षीकरण बाहेकका मुद्दामा बहस पैरवी भएन । अदालतको कामलाई असर नपर्ने गरी विरोधलाई यथावत् राख्ने निर्णय गरेको हो । बारका महासचिव अञ्जिता खनालका अनुसार आन्दोलन जारी रहने तर अदालतको कामलाई असर नपर्ने गरी आफ्ना मागहरु यथावत् रहेको जानकारी दिए । बारले सेवाग्राहीलाई असर नपर्ने गरी मंगलबार खाजा समयमा विरोध गर्ने जनाएको छ ।

जिल्ला अदालत ललितपुरकी कर्मचारी प्रेमिका तामाङलाई हातपात गरेको आरोपमा कानुन व्यवसायी अमिर लामिछानेलाई प्रहरीले पक्राउ गरेको छ । सोही विरोधमा बारले सोमबार देशभर बन्दीका मुद्दा बाहेकमा बहस पैरवी नगरेको हो । बारले थुनामा रहेका अधिवक्ता लामिछानेलाई २४ घण्टाभित्र रिहा गर्नुपर्ने, सिसी टिभी फुटेज सार्वजनिक गर्नुपर्ने र लामिछानेले दिएको जाहेरी दर्ता गर्नुपर्ने माग गरेको छ ।

### भूल सुधार

मिति २०८०/०३/१८ गते मध्यान्ह राष्ट्रिय दैनिकमा प्रकाशित **Kuwait** मा रोजगारको अवसर शिर्षक, कम्पनी नाम **VALVE CAFE & RESTAURANT COMPANY**, पूर्व स्वीकृत मिति: **२०८०/०३/१७**, L.T. No.: **288808** र चलानी नं.: **६०२०४१०३**, को विज्ञापनमा कामदारको पद Kitchen Helper/cleaner/prepared पुरुष २५ जना र महिला ५ जना हुनुपर्नेमा अन्यथा भएकोले भुलसुधार गरिएको छ ।

ERAM OVERSEAS PVT. LTD. Govt.Lic.No 1562/079/080
Sinamangal-09, Kathmandu, Tel.: 01-4492260
Email: eramoverseas074@gmail.com
Web: www.eramoverseas.com

## MALAYSIA मा रोजगार | कम्पनी : MPA VENTURE MANUFACTURING SDN BHD
शहर: Malaysia, Selangor

पूर्व स्वीकृत मिति: २०८०/०२/२१ चलानी नं.: ६०२०२५८९ LT. No.: 287153 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार २६ गते (11 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

नूर अपरच्युनिटिज ओभरसिज प्रा.लि.
श्रम इजाजत नं.: १२५/०५५/०५६
G.P.O. Box 7636 Anamnagar, kathmandu Tel : 01-5705735 01-5705412
E-mail : nooropportunities@gmail.com, Web : www.nooroverseas.com.np

## मलेसियामा रोजगार | कम्पनी: RICH HILLS AGRO ENTERPRISE
शहर: KEDAH

पूर्व स्वीकृत मिति: २०८०/०३/१८ चलानी नं.: ६०२०४१६२ LT. No.:288827

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब RM | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Harvest Worker | 15 | 0 | स. काममा दक्ष | 1500 | ४२,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार २६ गते (11 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

NIWIDA CONCERN PVT. LTD.
Govt. Lic. No.: 711/064/065
Sinmangal-9, Kathmandu, Tel : 4470711, 4470811
E-mail: info@niwidaconcern.com, Web.: www.niwidaconcern.com

## साउदीमा रोजगार | कम्पनी : SMART BIG TECHNOLOGY ARABIA COMPANY FOR INFORMATIONAL TECHNOLOGY ONE PERSON
शहर: RIYADH

पूर्व स्वीकृत मिति:२०८०/०३/१८ चलानी नं.:६०२०४१९९ LT. No.: 288870

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब SR | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrical Maintenance Worker | 1 | 0 | स. काममा दक्ष | 1300 | ४५,३९६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय, काठमाडौंमा मिति २०८० असार २६ गते (11 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले दिने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Intermanagement Manpower Services Pvt. Ltd.
Govt. Lic. No. 438/060/061
Gongabu-4, Kathmandu, Nepal, Tel: +977-1-5904596, Fax: +977-1-4353465
E-mail: info@intermgmt.com.np ,intermanagement.nepal438@gmail.com | Website: www.nepalirecruiter.com

## JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?

यहाँ JAPAN र KOREA मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
सम्पर्क: 01-4958923 / 01-4952044
मो: 9741818340 ( WhatsApp/Viber )

## यूएईमा रोजगारको अवसर | कम्पनी : STS LANDSCAPE LLC
शहर: UAE

पूर्व स्वीकृत मिति: २०८०/०३/१८ चलानी नं.: ६०२०४१८० Lt No: 288670

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब AED | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Garden Labourer | 0 | 1 | स. काममा दक्ष | 1500 | ५३,४९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार २६ गते (11 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले व्यहोर्ने | रु. १,५००/- कामदारले व्यहोर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझ्न विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

Code Recruitment Services Pvt. Ltd.
Govt. Lic. No.: 1596/079/080
Pipalbot Marg, Old Baneshwor Height, Kathmandu, Phone No: 01-5912843, 5912844
E-mail : coderecruitmentnp@gmail.com

नेपाल सरकार
**श्रम तथा रोजगार मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**(अनुसन्धान तथा मुद्दा शाखा) ताहाचाल, काठमाडौं, नेपालको**

### ७ दिने सूचना

वैदेशिक रोजगार व्यवसाय गर्ने **युनाइटेड प्लेसमेन्ट एण्ड इम्प्लोयमेन्ट सर्भिसेज प्रा.लि.** ईजाजत नं. ४४/०४९/०५० का विरुद्ध वैदेशिक रोजगार विभागमा दर्ता भई फरफारक हुन बाँकी रहेका तपशिल बमोजिमका उजुरीकर्ताहरुले आफुसँग भएको सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौंमा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

| सि. नं. | उजुरवालाको नामथर | उजुरीको विषय | मागदावी विवरण | उजुरी मिति | कैफियत |
|---|---|---|---|---|---|
| १. | राधिका देवी चौधरी | क्षतिपुर्ति स्वदेश फिर्ता | कारवाही रकम फिर्ता र क्षतिपुर्ति सहित स्वदेश फिर्ता | 20/07/2018 | |
| २. | नन्दकिशोर मण्डल, रामआशिश मण्डल | उद्धार र स्वदेश फिर्ता | उद्धार गरि स्वदेश फिर्ता | 31/05/2022 | |
| ३. | | उद्धार र स्वदेश फिर्ता | उद्धारगरि स्वदेश फिर्ता गरि पाउँ | 23/08/2022 | |
| ४. | दिपक तामाङ | उद्धार र स्वदेश फिर्ता | खान बस्न नदिएकोले उद्धार गरि स्वदेश फिर्ता गरि पाउँ | 24/08/2022 | |
| ५. | राजेश चौधरी | उद्धार र स्वदेश फिर्ता | उद्धार र स्वदेश फिर्ता | 20/09/2022 | |

नेपाल सरकार
**श्रम तथा रोजगार मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**(अनुसन्धान तथा मुद्दा शाखा) बुद्धनगर, काठमाडौं, नेपालको**

### ७ दिने सूचना

यस विभागबाट इजाजतपत्र प्राप्त गरी वैदेशिक रोजगार व्यवसाय संचालन गर्दै आएको **Saptakoshi Human Resource Pvt. Ltd.**(ई.प.नं. ८८४/०६७/०६८) का विरुद्ध वैदेशिक रोजगार विभागमा दर्ता भई फरफारक हुन बाँकी रहेका तपशिल बमोजिमका उजुरीकर्ताहरुले आफुसँग भएको सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ७ दिन भित्रमा वैदेशिक रोजगार विभाग ताहाचल काठमाडौंमा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

| सि.नं. | उजुरवालाको नामथर | दावी रकम | उजुरीको कम्प्युटर दर्ता नं. | उजुरीको विगोदावी भएको/नभएको | उजुरी मिति | रोजगारदाता देश | कैफियत |
|---|---|---|---|---|---|---|---|
| १. | रोहित कुमार विश्वास गर्बु नारायण गच्छदर | ४,२०,०००/- | १२८० | दोषीलाई कारवाही गरि रकम र क्षतिपुर्ति | २०१८/०२/०६ | कतार | |

## कुवेतमा रोजगारको अवसर | १. कम्पनी: WAHO COMPANY FOR JDELIVERY OF CONSUMER ORDERS AND OTHERS
शहर: Kuwait

पूर्व स्वीकृत मिति: २०७९/०२/०६ चलानी नं.: ६०१७९४८१ LT. No.: 263299 पून विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Light Driver | 20 | 0 | सम्बन्धित काममा दक्ष | 135 | ५७,५०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2. | Bike Rider | 15 | 0 | | 135 | ५७,५०३ | | | | | | | |
| 3. | Warehouse Labor | 20 | 0 | | 100 | ४२,५९५ | | | | | | | |
| 4. | Cleaning Worker/kitchen Equipment | 20 | 0 | | 100 | ४२,५९५ | | | | | | | |

२. कम्पनी: WAHO COMPANY FOR DELIVERY OF CONSUMER ORDERS AND OTHERS शहर: Kuwait

पूर्व स्वीकृत मिति: २०७९/०९/२८ चलानी नं.: ६०१९४९५३ LT. No.: 279435 पुन: विज्ञापन

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब KD | मासिक तलब ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Bike Rider | 30 | 0 | स. काममा दक्ष | 135 | ५७,५०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार २६ गते (11 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

License No.: 1542/ 078/079
LOGIN INTERNATIONAL OVERSEAS RECRUITMENT PVT.LTD.
( साविक GLOBAL SAPANA OVERSEAS PVT. LTD.)
Tel: +977-1-5911074/75, Basundhara-3, Kathmandu
E-mail:- loginoverseasrecruitement@gmail.com, Hotline No: 9823815921

## ठाकुरबाबा नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**बर्दिया, लुम्बिनी प्रदेश, नेपाल**

### बोलपत्र आह्वानको सूचना

**(प्रथम पटक प्रकाशन मिति: २०८०/०३/१९ गते)**

नगरपालिकाको वार्षिक स्वीकृत कार्यक्रम अर्न्तगत E–Bidding मार्फत तपशिल बमोजिमको सार्वजनिक खरिद कार्य गर्नु पर्ने भएकोले सप्लाई गर्न इच्छुक र इजाजत प्राप्त फर्म/कम्पनी/संस्थाले रितपूर्वकको बोलपत्र पेश गर्नुहुन यो सूचना प्रकाशित गरिएको छ ।

**तपशिल:**

| ठेक्का नं. | विवरण | बोलपत्र फारम दस्तुर | जमानत रकम | खाता विवरण |
|---|---|---|---|---|
| TBM/G/SQ-34/079/80 | Supply and Delivary of Medicine and Surgical items | ३००० | १०६००० | १) आन्तरिक राजस्व खाता:१६१२०५००२८२९६००२<br>२) धरौटी खाता: १६१२०५०५२३८८८०१३<br>बैक: Nic asia Bank bhurigaun |



मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१९ असार २०८०, मंगलबार
4 July 2023, Tuesday

## सम्पादकीय

### सकारात्मक पहलकदमी

निर्वाचन आयोगले केही अर्थपूर्ण प्रस्ताव समेटेर निर्वाचन सम्बन्धी कानूनको मस्यौदा तयार पारेको छ । कानून मन्त्रालय मार्फत् संघीय संसदमा पेश गरिने उक्त मस्यौदामा समानुपातिक प्रणाली, उपनिर्वाचन, विदेशमा रहेका नेपालीहरूलाई मतदानको व्यवस्थादेखि नो भोटबारे समेत प्रस्ताव गरिएको छ । प्रस्तावित मस्यौदा पारित हुने हो भने निर्वाचन प्रणालीमा ठूलै परिवर्तन हुने देखिन्छ । आयोगले अहिले भइरहेको छलफललाई आधार मानेर मस्यौदा तयार पारेको बताएको छ । विशेषगरी समानुपातिक प्रणालीको प्रस्ताव अर्थपूर्ण छ । आयोगले तयार पारेको मस्यौदामा कुनै व्यक्ति दुईपटक भन्दा बढी समानुपातिक कोटामा बस्न नपाउने व्यवस्था गरेको छ । समानुपातिक प्रणालीलाई व्यक्ति सुरक्षित हुने माध्यम बनिरहेकाले यो प्रस्ताव अर्थपूर्ण छ ।

आयोगले स्थानीय तहको पदाधिकारी मध्ये एक जना अनिवार्य महिला हुनुपर्ने प्रस्ताव पनि गरेको छ । अहिले अभ्यासमा एउटै दलले उम्मेद्वारी दिदा मात्रै यस्तो व्यवस्था छ । तर गठबन्धन गरेर दुवै पदमा पुरूष आउन थालेपछि आयोगले कानून संशोधनको प्रस्ताव गरेको छ । अर्को सुधार भनेको कुनै व्यक्ति चुनावमा पराजित भएमा त्यही कार्यकालमा त्यही क्षेत्र बाहेक हुने उपनिर्वाचनमा भाग लिन नपाउने पनि व्यवस्था गरिएको छ । विदेशबाट मतदान गर्न पाउने, नो भोट लगायतको व्यवस्था समेत गरिएको छ । प्रस्तावित मस्यौदाले ठूलै तरंग ल्याउने देखिन्छ । किनकि यो कानून अगाडि बढेमा संविधानको भावना बमोजिम चुनाव हुने र निर्वाचित हुने निश्चित छ, जसले दलहरूको मनपरीलाई रोक्नेछ ।

तर आयोगले अगाडि बढाएको संशोधन प्रस्ताव कानून मन्त्रालय हुँदै संघीय संसदमै पुग्नेमा पनि ढुक्क हुन सकिदैन । किनकि त्यस्तो कानून बन्नु भनेको दलहरूका निम्ति ठूलै सजाय हो । अझ चुनावमा पराजित नेतालाई त्यही कार्यकालमा संसदमा ल्याउन उपनिर्वाचनको परिस्थिति सिर्जना भइरहेको, नेताका रोजाइका व्यक्ति समानुपातिकमा बस्ने गरेको, जस्तासुकै असन्तुष्टि भएपनि मतदातालाई मत हाल्नैपर्ने बाध्यता सिर्जना गरिएको वर्तमान परिस्थितिमा आयोगको प्रस्तावित व्यवस्था अंकुश लगाउनेछ । नेतृत्वप्रति अविश्वास रहेको संकेत आउने नो भोटको व्यवस्था अझै कठिन कार्य हो । तर संविधानको भावना र व्यवस्था बमोजिम मुलुकलाई अगाडि बढाउने हो भने प्रस्तावि मस्यौदा एउटा खुड्किलो हुने निश्चित छ । तसर्थ आयोगको नियतमाथि कुनै आशंका नगरी नेतृत्वले यसतर्फ सोच्न आवश्यक छ ।

# अर्थतन्त्रमा देखिएको संकट र समाधानका उपाय

*नेपालमा लगानीको वातावरण अझ पनि बन्न नसक्नु दुर्भाग्य हो । विदेशी बैंक सञ्चालन गर्न पाउने नीति अझै पनि अस्पष्ट र अन्तर्राष्ट्रिय मापदण्डअनुसार अपुग छ । आफ्नो मुलुकमा लगानी गरेर हुने नाफा सरल प्रक्रियाबाट पठाउन निकै कठिन छ । वैदेशिक पुँजीको सटही सुविधा सीमित छ । अझै पनि केही क्षेत्रमा लगानी गर्दा कोटा प्रयोग गरिन्छ ।*

अग्रलेख



● प्रा. डा. विश्वम्भर प्याकुर्‍याल

नेपालमा आर्थिक मन्दीको प्रभाव केही समय अघिदेखि नै देखिन थालेको थियो । खासगरी कोभिड-१९ पछि भने विश्वले भोगेको आर्थिक मन्दीको प्रभावबाट नेपाल जोगिन सकेन । आर्थिक मन्दीबाट बच्न वस्तु आयातमा प्रतिबन्ध लगाइयो, मौद्रिक नीति कसिलो बनाइयो, मुद्रास्फीति भयावह बन्न पुग्यो, न्यून राजस्व संकलनले सार्वजनिक खर्च खुम्चिन गयो । रूस-युक्रेन युद्धका कारण विश्वमा उत्पादनमा आएको शिथिलताले आधारभूत खाद्य सामग्रीमा पनि अत्यधिक प्रभाव पर्नुका साथै आपूर्तिमा आएको थप समस्याले खाद्यान्नको उपलब्धतामा उच्च निर्भरता बढ्न गयो । यसरी राष्ट्रिय र अन्तरराष्ट्रिय स्तरमा खाद्य वस्तुमा आएको अत्यधिक मूल्यवृद्धिका कारण सरकारले गरिब किसानलाई खास सहयोग पुर्‍याउन सकेको देखिएन । यसको असर चालु आर्थिक वर्षको वित्तीय असन्तुलनबाट अनुमान लगाउन सकिन्छ ।




आर्थिक वृद्धिदर सन्तोषजनक नहुन्जेल र राजस्वले कमसेकम साधारण खर्च नथेगेसम्म रोजगारीको वातावरण निर्माण गर्न सकिन्न । रोजगारीको अवसर सहज किसिमले प्राप्त गर्ने हो भने साना र मझौला उद्योगमा ऋण, व्याज व्यवस्थापन र उत्पादकत्व अभिवृद्धि अनिवार्य देखिन्छ । यसको साथै व्यापारिक वातावरण र श्रम बजारसम्बन्धी नीतिलाई दिगो बनाउन विशेष प्रयासको आवश्यकता छ । अन्तरराष्ट्रिय आप्रवासले विप्रेषण आप्रभावमा क्रमिक सुधार देखाएको छ तर यसले व्यक्तिगत, पारिवारिक र समग्र आर्थिक लाभ नदिएसम्म रोजगारीको समस्या हल गर्न अझ धेरै समय लाग्न सक्छ । अर्कोतिर यसबाट हुनसक्ने नियमित आम्दानी समेत अनिश्चित छ ।

काम गर्ने उमेर र क्षमता भएका अधिकांश व्यक्ति बेरोजगार छन् । काम पाएका व्यक्तिको निरन्तरताको पनि सुनिश्चित गर्न सकिने स्थिति छैन । यो अवस्थाले बेरोजगार बीमा कार्यक्रमको कार्यान्वयन आवश्यक रहेको प्रमाणित गरेको छ । कोभिड-१९ मा कार्यान्वित अस्थायी महामारी बेरोजगारी कार्यक्रम एउटा मार्गचित्र हुन सक्छ । बेरोजगार बीमा कुन स्तरसम्म पुर्‍याउन सकिन्छ, स्रोतको व्यवस्थापन कुन ढाँचाबाट गर्ने गृहकार्यको आवश्यकता छ ।

वित्तीय व्यवस्थापन गर्न सक्दा बेरोजगारीबाट उब्जिएको मानसिक र सामाजिक दवाबलाई कम गर्न सरकारले अरु पनि धेरै नीति तर्जुमा गर्न सक्छ । उदाहरणको लागि, श्रमिकले प्राप्त गरेको आंशिक रोजगारीको अलावा सरकारले थप आंशिक रोजगारी समेत उपलब्ध गराउन सक्छ । विभिन्न उद्योगमा क्षेत्रगत रूपमा माग र आपूर्तिको तथ्यांक संकलन गरी निजी क्षेत्रसँगको सहकार्यमा धेरै हदसम्म बेरोजगारीको समस्यामा केही सुधार ल्याउन सकिन्छ । यो उद्देश्यअनुरूप स्थानीय स्तरको माग र उपलब्ध मानव स्रोतको उचित मूल्यांकन गरी काम गर्न सकिने नयाँ अवसरहरुको व्यवस्था गरी सीप विकास कार्यक्रममा लगानीको आवश्यकता छ । प्रारम्भमा निर्देशित कार्यक्रम जस्तै व्यावसायिक प्रशिक्षण कार्यक्रम, प्रशिक्षुता र उद्यमशीलताको विकास गर्ने हेतुले लगानीको आवश्यकता देखिन्छ ।

व्यावसायिक प्रशिक्षण र रोजगारी कार्यक्रममा सफलता हासिल गर्न सके आम्दानी वृद्धिमा सहयोग पुगी आर्थिक असमानता न्यूनीकरण भएर गरिबी कम भएका धेरै उदाहरण छन् । यसको अर्थ सरकारले न्यूनतम् ज्याला वृद्धि गरी उद्घोषित सामाजिक सुरक्षाको उपलब्धतामा सुधार ल्याएर कम लागतका घरघडेरी माथिको सहजता र प्रगतिशील कर नीतिको कार्यान्वयनमा जोड दिनु हो, जुन कुरा हाम्रो आर्थिक-सामाजिक परिवेशमा त्यति सजिलो छैन तर असम्भव पनि होइन ।

नेपालमा सरकारको कमजोर प्रदर्शनको मुख्य कारण जवाफदेहीता र पारदर्शिताको अभाव हो । भ्रष्टाचार न्यूनीकरणमा अहिले शुरु गरिएका दौडमा लगाम लगाउन हुँदैन । सरकार टिकाउनको लागि मात्र भ्रष्टाचार नियन्त्रण गर्न सरकारले आफ्नो संयन्त्र चलायो भने त्यो धेरै टिकाउ हुँदैन । भ्रष्टाचारको मात्र के कुरा गर्नु, जनजीवनलाई असर गर्ने हजारौं सूचनाहरु जनताको जानकारीमा छैन । तथ्यको इमान्दारीका साथ सार्वजनीकरण गरेर नीतिगत निर्णय लिँदा जनताको सहभागितामा सार्वजनिक हितमा सरकारको प्रतिबद्धता कायम गर्न सके अहिले देखिएको यत्रो जनअविश्वास धेरै हदमा कम हुँदै जाने अपेक्षा गर्न सकिन्छ ।

नेपालमा लगानीको वातावरण अझ पनि बन्न नसक्नु दुर्भाग्य हो । विदेशी बैंक सञ्चालन गर्न पाउने नीति अझै पनि अस्पष्ट र अन्तरराष्ट्रिय मापदण्डअनुसार अपुग छ । आफ्नो मुलुकमा लगानी गरेर हुने नाफा सरल प्रक्रियाबाट पठाउन निकै कठिन छ । वैदेशिक पूँजीको सटही सुविधा सीमित छ । अझै पनि केही क्षेत्रमा लगानी गर्दा कोटा प्रयोग गरिन्छ । यी सबै कारणले सम्भावित लगानीकर्ताका अनुसार स्वामित्वमा भएको सीमितता, क्षेत्रगत क्याप र लगानीको लागि लामो नकारात्मक सूचीले गर्दा नेपालमा लगानीको वातावरण अझै बनेको छैन । बहुराष्ट्रिय कम्पनीले गरेको अनुसन्धानले समेत विश्वव्यापी रूपमा ६५ प्रतिशत फर्मले स्वामित्वमा रहेको प्रतिबन्धलाई लगानी हुन नसक्ने मूल कारणको रूपमा देखाएका छन् ।

ठूलो समस्या के छ भने विदेशी लगानीकर्तालाई लगानीको अवसर प्रदान गर्ने कुरा कानूनीरूपमा प्रष्ट पारिए पनि, अधिकांश व्यक्ति नेपालमा व्यापार र लगानीमा भैरहने जोखिम र राजनीतिक अनिश्चितताले गर्दा अगाडि बढ्न खोज्दैनन् । नेपालमा न्यून बचत र नगन्य आर्थिक वृद्धि कायम छ । यो अवस्था कोभिडपछि झनै नराम्रो छ । यसो हुँदा आन्तरिक बचतले आर्थिक वृद्धिमा सकारात्मक प्रभाव पार्न सकेको देखिँदैन ।

नेपालमा उपभोग्य वस्तुहरु आयातित छन् । मुलुकमा व्यापार घाटा अक्सर कुल गार्हस्थ आम्दानीको ३० प्रतिशतसम्म पनि पुग्ने गरेको छ । आर्थिक वर्ष २०७९/८० को १० महिनामा कूल वस्तु व्यापार घाटा रु १२ खर्ब चार अर्ब ४२ करोड पुगेको छ । डलर तिरेर मात्र भारतबाट रु. एक खर्ब १९ अर्ब ६० करोड बराबरको वस्तु आयात गरिएको छ । धेरैजसो मुलुकसँग द्विपक्षीय लगानी सन्धि र स्वतन्त्र व्यापार सम्झौता नगरेकाले पनि बैदेशिक लगानीका अवसरहरु गुमाउनु परेको छ । कमसेकम भाषणमा मात्र सीमित नभएर वर्तमान कृतिम बौद्धिकता (आर्टिफिसियल इन्टेलीजेन्स) र नयाँ प्रविधिको विकास राष्ट्रिय प्राथामिकतामा पर्न सकेको भए अधुरा भौतिक पूर्वाधार निर्माण कार्य पूरा गरी नवप्रविधिले हाम्रो विकासको बाटो सरल गर्ने थियो ।

नेपालमा आन्तरिक र वैदेशिक लगानीका सम्भावित क्षेत्रहरु प्रशस्त छन् । उदाहरणका लागि, कृषि र कृषिमा आधारित उद्योग, पर्यटन, उर्जा विशेष गरेर जलस्रोत, औद्योगिक निर्माण, सेवा, निर्माण उद्योग, खनिज र खनिजमा आधारित उद्योग, टेक्सटाइल र त्यसमा आधारित उद्योग, सूचना र सञ्चार तथा अनि पूर्वाधार विकास । प्रत्येक सम्भावित क्षेत्रको विकासका लागि कार्यान्वयन म्यानुएल बनाएमा यिनीहरुबाट वस्तु र सेवाको विकासको साथै आर्थिक वृद्धि सम्भव छ । नेपालमा साना तथा मझौला उद्यमहरुको योगदान निर्यात, रोजगारी तथा आम्दानी वृद्धिको सन्दर्भमा अत्याधिक रहेको छ । यिनीहरुको लागि प्रमुख प्राथमिकता वित्तीय पहुँच, उत्पादकत्व अभिवृद्धि, क्षेत्रीय तथा विश्वव्यापी एलायन्सेस र सीप विकासका साथै उत्पादित वस्तुहरुका लागि बजारको उपलब्धता नै हो ।

हाम्रो मुलुकमा सञ्चालनमा रहेको विद्यमान प्रशासनिक संरचनामा सुधारको आवश्यकता छ । संघीय संरचनामा मुलुक गइसक्दा पनि शासन गर्ने पद्धति सरल र स्पष्ट हुन नसकेर झन्झन् जटिल हुँदै गएको छ । अन्तर-पार्टी परामर्श गरी राज्य सञ्चालन विधिमा सहमति कायम राख्न नसके रानीतिक इच्छाशक्ति मरेर जान्छ र राजनीतिक अस्थिरता बढ्दै जान्छ । बजेट समसामयिक देखिन्छ किनभने यसमा आवश्यकताअनुसारको संरचनात्मक वित्तीय सुधार, कोष व्यवस्थापन, सार्वजनिक प्रशासन, सुशासन, पारदर्शीता र जवाफदेहितामा मौनता धारण गरिएको छ ।

निष्कर्षमा, अब नेपाललाई जोगाउने हो भने प्रधानमन्त्री र मन्त्रीहरुको कार्यक्षेत्र के-के हुने स्पष्ट खाका बनाई कानूनी रूप दिनु आवश्यक छ । जिम्मेवारी दिँदा ध्यानमा राख्नुपर्ने कुराहरु आर्थिक स्थिरिकरणको हुनु आवश्यक छ किनभने यसबाट हाल देखापरेका धेरै समस्या हल हुन सक्ने सम्भावना रहन्छ जस्तो, आयात प्रतिबन्ध गर्दा आउने हाँकहरु; कसिएको मौद्रिक नीतिको सञ्चालन, उच्च मूल्यस्फिर्तीमा नियन्त्रण र संकुचन हुँदै गएको सार्वजनिक खर्च व्यपस्थापन । 'आफैं बोक्सी, आफैं झाँक्री' हुने बानी लागेको हाम्रो शासनयन्त्रमा मन्त्रीहरुको स्पष्ट कार्यविभाजन र योगदानको आत्ममूल्यांकन गर्न लगाउने कार्य त्यति सजिलो छैन । बुझ्न खोजेको कुरा त के हो भने तर्जुमा गरिएको निर्धारित कार्यपद्धतिको आधारमा कार्य प्रगति मापन गर्न सके कुनै पनि मन्त्रीले आफू जिम्मेवारी बहन गर्न योग्य छु अथवा छैन भन्ने कुरा अग्रिम रूपमा नै थाहा पाउन सकून् भन्ने हो । यस्तो मूल्यांकन विषयवस्तु ज्ञाताको व्यावसायिक समूहले गर्ने र नतीजा सार्वजनिक गर्न सक्ने आँट प्रधानमन्त्रीमा हुनुपर्दछ ।

***(लेखक प्याकुर्‍याल, अर्थशास्त्री तथा पूर्व राजदूत हुन् ।)***

## सामाजिक सञ्जाल



**- ओमकुमार थापा**

दाइजो प्रथा समाज बिग्रह र कुरीतिको गलत परम्परा हो । मधेसमा अझै पनि दाइजोका लागि महिलाको हत्यासम्म नै गर्नेहरू पनि रहेछन् । मान्छेको ज्यानभन्दा दाइजोलाई प्यारो मान्ने कुरीतिको अन्त्य कहिले हुन्छ ? समाजका शिक्षित भनौंदाहरू नै यसका पक्षमा देखिन्छन् भने अशिक्षितहरूलाई कसरी बुझाउन सकिन्छ ?



**- सरोज पोखरेल**

किसानलाई समयमा ऋण र मल उपलब्ध गराऊ । सिचाईको लागि जल उपलब्ध गराऊ । किसानले मेहनतले उब्जाएको अन्नको उचित मूल्य दिलाऊ । पीडित किसानलाई हर्जाना देऊ । किसानका छोराछोरीलाई निःशुल्क शिक्षा देऊ । त्यति भएपछि किसानहरु जीवन धन्य भै हाल्छ नि ! बेकारमा सकि नसकि धान रोप्ने ढोंग किन गर्नुपर्‍यो नेता हो ?



**- डम्मर खतिवडा**

संसारमा जे जति देशले स्थायीत्व, सुशासन र समृद्धि हासिल गरेका छन्, विज्ञानसम्मत विचार, मूल्य प्रणाली र संस्थागत प्रक्रियाबाटै गरेका छन् । पूर्वाग्रह, हल्ला, भीडतन्त्र, रुढीवाद, नायकत्व, पाखण्ड र हचुवापनले हैन । दुर्भाग्य न हाम्रा संस्था विश्वासनीय भए, न संस्थाप्रति विश्वास गर्ने मनोभाव बन्यो ।



**- बिमल पोखरेल**

बालेन्द्रले भ्रष्टाचार गरेका छन् ? दलका आसेपासेलाई नियुक्ति गरेका छन् ? कमिसन खाएका छन् ? जनताको काममा ढिलाइ गरेका छन् ? शिक्षा र स्वास्थ्यमा शाहले लिएको कडा कदमहरू तानाशाही होइन, गरिबको पक्षमा छन् । भ्रष्टाचार भएन भने तानाशाही नै सही, त्यो अहिलेको लुटतन्त्रभन्दा उन्नत हुन्छ ।

# समृद्धिको सपना र राजनीति

टिप्पणी



● दिनेश अर्याल

*बहसहरू सामाजिक, आर्थिक विकास, अधिकार सुनिश्चितताजस्ता गम्भीर विषयहरूमा छैनन् । समाज विकासका आधारभूत कुरा के हुन् ? समाज विकासको आधार के हो ? यस्तो विषयमा राजनीतिक तहमा बहस भइरहेको छैन ।*

आज आम नागरिकको सपना एकातिर छ भने राजनीति अर्कोतिर छ । नागरिकले देखेको समृद्धिको सपनामाथि राजनीतिमा बहस छैन । नागरिकका सपनालाई राजनीतिले ध्यान दिनै सकिरहेको छैन । आज राजनीतिक दलहरु बिना अर्थका दलाल शक्तिको रुपमा मात्रै परिणत भइरहेका छन् । उनीहरु राज्य संयन्त्रलाई प्रयोग गर्ने र जनतामाथि लुट मच्चाउने संरचना मात्रै बनिरहेका छन् ।

कुनै पनि समाजमा कस्तो राजनैतिक बहसहरू चल्छ भन्ने कुराले पनि त्यो समाजको स्तरलाई देखाउँछ । हाम्रो जस्तो समाजमा चुनावी राजनीति मात्रै मौलाउँदो छ । जति-जति चुनाव नजिकिँदै आउँछ, त्यति त्यति यहाँ राजनैतिक बयानबाजी र विवादहरू सतहमा आइरहेका हुन्छन् । तर दुःखको कुरा, बहसहरू सामाजिक, आर्थिक विकास, अधिकार सुनिश्चितता जस्ता गम्भीर विषयहरूमा छैनन् । समाज विकासका आधारभूत कुरा के हुन् ? समाज विकासको आधार के हो ? यस्तो विषयमा राजनीतिक तहमा बहस भइरहेको छैन ।

मानिस र पशु जगतका केही भिन्नता हुन्छ । पशुहरू उत्पादन गर्न सक्दैनन्, उनीहरू आफ्नो आवश्यकताले सञ्चालित हुन्छन् भने मानिसहरू उत्पादन गर्न सक्छन् र उनीहरू आफ्नो विचारले आवश्यकतालाई सञ्चालन गर्न सक्छन् । उत्पादन नै समाज विकासको नियन्त्रण शक्ति हो । हामी जति धेरै उत्पादन गर्न सक्छौं, उति धेरै शक्तिशाली बन्न सक्छौं । तर यसको विपरीत दिशातर्फ गइरहेको छ हाम्रो समाज ।

आज हाम्रो नेपाली समाज पूर्णत परनिर्भरताको बाटोतर्फ छ । प्राकृतिक हिसाबले सम्पन्न भएपनि हामीबीच कसरी आत्मनिर्भर संरचना बनाउने भन्ने कोणबाट बहस हुन सकेको छैन । हामी केवल उपभोक्ता मात्रै बनिरहेका छौं । समाज उपभोक्ता बन्ने, समाजलाई नेतृत्व गर्ने राजनैतिक शक्ति केवल दलाल बन्ने अवस्थामा हामी छौं ।

हाम्रो भौगोलिक संरचनाले कतिपय कुरामा हामी आत्मनिर्भर हुन सक्दैनौ । हामी बाध्यकारीरुपमै परनिर्भर रहनु पनि पर्छ । तर, प्रकृतिले दिएको स्रोतलाई पनि हामी प्रयोग नगरी परनिर्भर बनिरहेका छौं । आज अतिरिक्त आवश्यकीय कुरादेखि अनिवार्य आवश्यकीय कुरासम्म हामी आयात गर्न बाध्य छौं । हामी आफूलाई कृषि प्रधान मुलुक भन्छौं, तर धानसमेत खरिद गर्ने अवस्थामा हामी छौं । जलसम्पदामा हामी विश्वमै धनी छौं तर, हामी हाम्रो स्रोतलाई प्रयोग गर्न नसकेर उर्जामै परनिर्भर छौं ।

आज हामीबीच हामी किन परनिर्भर बन्दैछौं ? हाम्रो आर्थिक, सामाजिक संरचना कस्तो बनाउने ? कस्ता कुरा स्वदेशमै उत्पादन गर्ने र कस्ता कुरा बाह्य बजारबाट आयात गर्ने ? भन्ने विषयमा छलफल हुन सकिरहेको छैन । राजनीतिक नेतृत्वभित्र पनि देशलाई कसरी समृद्धितर्फ लैजाने ? भन्ने कोणबाट छलफल हुन सकेको छैन ।

हाम्रो प्रत्येक आर्थिक वर्षमा सार्वजनिक हुने बजेटहरु निरन्तरताबाहेक केही छैनन् । बरु, प्रत्येक वर्ष ऋणको भार बढ्दै गइरहेका छन् भने विकास र समृद्धिका कार्यक्रमहरु खुम्चीदै गइरहेका छन् । आज सरकारको प्राथमिक कार्यक्रम सेवाभन्दा नाफा भइरहेको छ । सरकार कुन उद्योगको लगानी नाफामा, कुन संस्थानको प्रतिफल कति, कुनको आर्थिक अवस्था कस्तो भन्ने कोणबाटै मात्रै हेर्ने अवस्थामा छ । आज त्यहाँ कति रोजगारी सिर्जना भयो, त्यसले सामाजिक विकासमा कति प्रभाव पार्‍यो, त्यसले मुलुकलाई आत्मनिर्भर बनाउन कति सहयोग गर्‍यो भन्ने कोणबाट योजना आउन छाडेका छन् । यदि हामी अहिलेकै शैली र संरचनाबाट अघि बढ्ने हो भने सपना एकातिर र मुलुक अर्कोतिर हुने निश्चित छ । यो बिडम्बनालाई समयमै सच्याउन आवश्यक छ ।

## तपाईंको राशिफल

- मेष : शत्रु सक्रिय हुनेछन् । बाटो हिँड्दा सावधानी राख्नुपर्नेछ ।
- वृष : नयाँ सम्पर्क बढ्नेछ । यशमा वृद्धि हुने योग छ ।
- मिथुन : राजनैतिक कार्य सफल हुनेछ । वाणी संयम राख्नुपर्छ ।
- कर्कट : अर्काको विवादमा पर्नु हुँदैन । व्यापारमा वृद्धि हुनेछ ।
- सिंह : आध्यात्मिक यात्रा हुने योग छ । भूमि सम्बन्धी कार्यमा लाभ मिल्नेछ ।
- कन्या : स्वास्थ्य लाभ र दिदी बहिनीको राम्रो सहयोग प्राप्त हुनेछ ।
- तुला : शिक्षामा प्रगति हुनेछ । वाहन सावधानी राख्नुहोला ।
- वृश्चिक : आफ्ना इष्टमित्रहरुसँग भेटघाट हुनेछ । धैर्यमा वृद्धि हुनेछ ।
- धनु : शुभ समाचार प्राप्त हुनेछ । धन वृद्धि हुने योग छ ।
- मकर : वाणी संयम राख्नुहोला । नोक्सान हुने योग छ ।
- कुम्भ : यात्राको योग छ । आफन्तसँग भेटघाट हुनेछ ।
- मीन : अनावश्यक कुरामा खर्च हुनेछ । पारिवारिक सहयोग प्राप्त हुनेछ ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# साउदी कानूनले बर्जित गरेका कुनै काम नगर्नू : महावाणिज्यदूत पौडेल



**साउदी/मस–** गैर आवासीय नेपाली संघ (एनआरएनए) क्षेत्रीय समन्वय समिति ताबुक, साउदी अरबको आयोजनामा भलिबल प्रतियोगिता, बृहत् सांस्कृतिक कार्यक्रम तथा श्रमिक अन्तरक्रिया कार्यक्रम सम्पन्न भएको छ। गत जुन ३० मा मुस्लिम समुदायको महान पर्व इद अल अधा-२०२३ को अवसरमा एनआरएनए क्षेत्रीय समन्वय समिति ताबुकले पुरुष भलिबल प्रतियोगिता, बृहत् सांस्कृतिक कार्यक्रम र श्रमिक अन्तरक्रिया कार्यक्रम आयोजना गरेको हो ।

कार्यक्रममा सम्बोधन गर्दै विशिष्ट अतिथि महावाणिज्यदूतावास जेद्दाका महावाणिज्यदूत भुवन पौडेलले साउदी कानूनले बर्जित गरेको कुनै काम नगर्न नेपाली समुदायलाई आग्रह गरे । कतिपय कार्य नेपालमा सामन्य रहेपनि यहाँ गैरकानूनी हुने हुँदा त्यस्ता कार्यहरु नगर्नु उनले अनुरोध गरेका थिए । श्रमिक अन्तरक्रिया कार्यक्रमअन्तर्गत महावाणिज्यदूत पौडेलले श्रमिकहरुको विभिन्न गुनासोहरु सुनेर दूतावासको तर्फबाट समस्याको समाधनका लागि सक्दो सहयोग रहने बताए । सो क्रममा विभिन्न कम्पनीमा कार्यरत श्रमिकहरुले आ-आफनो गुनासोसमेत राखेका थिए ।

क्षेत्रीय समन्वय समिति ताबुकका अध्यक्ष नरबहादुर खतिवडाको सभापतित्वमा भएको कार्यक्रममा विशिष्ट अतिथि महावाणिज्यदूतावास जेद्दाका महावाणिज्यदूत पौडेल, प्रमुख अतिथिद्वय आरसीसी ताबुकका संरक्षक तथा सल्लाहकार भक्तबहादुर हमाल र आरसीसी जेद्दाका अध्यक्ष डिपि अर्याल रहेका थिए। कार्यक्रमको अथितिहरुमा आरसीसी जेद्दाका सहसचिव देवराज अर्याल, आरसीसी जेद्दाका सहकोषाध्यक्ष आनन्द पाण्डे, लक्ष्मण रोकाया, हिमाल रेमिटको प्रतिनिधित्व गर्दै मोहन खनाल, कुमारी रेमिटको प्रतिनिधित्व गर्दै दिपक तामाङ, लुलु सुपरमार्केटको प्रतिनिधित्व गर्दै शक्ति भट्ट र सुलभ रिक्रुमेन्टसको प्रतिनिधित्व गर्दै बुद्धिप्रसाद बास्तोला रहेका थिए । कार्यक्रममा ताबुक र ताबुक आसपासमा रहेकाहरुको पनि उपस्थिति थियो । कार्यक्रमको सञ्चालन आरसीसी ताबुकका उपाध्यक्ष युवराज पोखरेल र प्रवक्ता शक्ति भट्टले गरेका थिए ।

कार्यक्रममा आमन्त्रित साउदीका लागि नेपाली राजदूत नवराज सुवेदी र का.बा. महावाणिज्यदूत शत्रुधन पोखरेल समय व्यस्तताको कारण भौतिकरुपमा उपस्थित नभएता पनि उनीहरुले पठाएको भिडियो शुभकामना सन्देश उपस्थितहरुलाई प्रोजेक्टरमार्फत देखाइएको थियो ।

अतिथिको आसनग्रहणपछि कार्यक्रमको औपचारिक उद्घाटन दीप प्रज्वलनबाट गरिएको थियो। त्यसपछि राष्ट्रियगान बजाएर कार्यक्रमको विधिवतरूपमा शुरुवात गरिएको थियो। कार्यक्रममा स्वागत मन्तव्य सावित्रा बनले दिएकी थिइन्।

कार्यक्रमको प्रायोजकमा गैर आवसीय नेपाली संघ राष्ट्रिय समन्वय परिषद, साउदी अरबकी वरिष्ठ उपाध्यक्ष रविना अर्याल तथा सहप्रायोजकहरुमा हिमाल रेमिट ताबुक शाखा, कुमारी रेमिट ताबुक शाखा, लुलु सुपरमार्केट ताबुक शाखा, आरसीसी जेद्दा, अल साफी कप्पनीमा कार्यरत साजन तामाङ, रेशम थापा शुशील तामाङ, सनम चौधरी थापा र बिश्नु थापा तथा सुलभ रिक्रुटमेन्ट बसुन्धरा, काठमाडौं रहेका थिए । कार्यक्रममा उपस्थित विशिष्ट अतिथि, प्रमुख अतिथि तथा अतिथिहरुले छोटो मन्तव्य राखेका थिए ।

पुरुष भलिबल प्रतियोगितामा आयोजक टिमसहित १० टिमको सहभागिता रहेको थियो । जसमध्ये नियोम-१ ले प्रथम स्थान र लुलु सुपरमार्केटले दोस्रो स्थान हासिल गरेको थियो । भलिबल प्रतियोगिता सौहार्दपूर्ण र विवादरहित वातावरणमा सम्पन्न भएको थियो । कार्यक्रममा सहभागिता जनाउनका लागि टाढा टाढाबाट दर्शकहरुको उल्लेखनीय उपस्थिति रहेको थियो ।

कार्यक्रमको अर्को मुख्य आकर्षण नेपाली महिलाहरुले बनाएको नेपालीपनको झल्को दिने मःम, चाउमिन र सेलरोटीको परिकार रहेको थियो । कार्यक्रममा उपस्थित हुने अधिकांशले नेपालमै भएको अनुभूति भएको र यस्ता कार्यक्रम आगामी दिनमा अझै परिस्कृत बनाउँदै सञ्चालन गर्न माग गरेका थिए । विविध सांस्कृतिक कार्यक्रमअन्तर्गत विभिन्न व्यक्तिले विविध विधामा आफ्नो कला प्रस्तुत गरेका थिए । उनीहरुले कार्यक्रममा उपस्थित हुने सम्पूर्णलाई गीतसंगीतको माध्यमबाट भरपूर मनोरञ्जन दिएका थिए । कार्यक्रम हेर्नका लागि ताबुक, दुवा, शर्मा र हागललगायतका शहरबाट करिब पाँच सय जनाको उपस्थिति रहेको थियो । कार्यक्रमकै बीच आरसीसी ताबुकले सहभागी श्रमिकहरुसँग श्रमिक सर्वेक्षण र कार्यक्रमको प्रतिक्रिया लिने काम पनि गरेको थियो ।

कार्यक्रमको अन्त्यमा विजयी खेलाडीहरुलाई आरसीसी ताबुकका संस्थापक तथा सल्लाहकार भक्तबहादुर हमाल र आरसीसी ताबुकका अध्यक्ष नरबहादुर खतिवडाको हातबाट प्रमाणपत्र, शिल्ड, मेडल र नगद पुरस्कार वितरण गरिएको थियो । कार्यक्रमलाई भव्य र सफल बनाउन गैर आवासीय नेपाली संघ क्षेत्रीय समन्वय समितिका सचिव बुद्धिप्रसाद बास्तोला र पूर्वउपाध्यक्ष देवीबहादुर कार्कीलगायत कार्यसमितिका सदस्य तथा स्वयंसेवकहरुले कार्यक्रम व्यवस्थापन गर्न समन्वयकारी भूमिका निर्वाह गरेका थिए। अन्त्यमा सभापतिले आफ्नो छोटो मन्तव्य राख्दै विजयी खेलाडीहरुलाई बधाई र शुभकामना तथा प्रायोजक र सहप्रायोजकहरुलाई विशेष धन्यवाद दिँदै कार्यक्रम समापन गरेका थिए ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको हकदावी सम्बन्धी सूचना**

यस कार्यालयमा मिति २०७४/०६/०१ मा दर्ता भएको **प्रा.लि. नं. १७५४८७** को **त्रियोग नेट प्रा.लि.** नामक कम्पनीले दर्ता खारेज गरि पाउँ भनि यस कार्यालयमा निवेदन पेश गरेको हुँदा उक्त कम्पनीले कसैसँग ऋण लिएको वा सो कम्पनीको कुनै तिर्नु बुझाउनु पर्ने दायित्व भए प्रमाण सहित हकदावीको लागि ३५ दिन भित्र यस कार्यालयमा दावी गर्न आउनुहुन सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ। तोकिएको म्याद भित्र हक दावी गर्न नआएमा उक्त कम्पनीको दर्ता नियमानुसार खारेज गरिनेछ ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७७/११/१७ मा दर्ता भएको **प्रा.लि. नं. २५७४१८** को **बिग बि. फास्ट फुड क्याफे एण्ड वर्गर हाउस प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०२/१० को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

नेपाल सरकार
उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय
**कम्पनी रजिष्ट्रारको कार्यालयको**
**कम्पनीको दर्ता खारेज गरिएको सूचना**

यस कार्यालयमा मिति २०७४/०५/०७ मा दर्ता भएको **प्रा.लि. नं. १७३५७७** को **क्रिएटिभ ग्यालरी प्रा.लि.** नामक कम्पनी यस कार्यालयको मिति २०८०/०३/१७ को निर्णय अनुसार कम्पनी ऐन, २०६३ को दफा १२६ (१) को बमोजिम दर्ता खारेजी गरिएको सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।


## कुवेतमा रोजगार | Company : ALWAFIR MARKETING SERVICES CO
City : KUWAIT

पूर्व स्वीकृत मितिः २०७९/०६/१४ चलानी नं.: ६०१८८६६१ LT. No.: 272995 पुनः विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Team Meber | 5 | 0 | सम्बन्धित काममा दक्ष | 150 | ६३,८९३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Team Member | 4 | 20 | | 120 | ५१,११४ | | | | | | | |
| 3. | Team Member (1) | 5 | 0 | | 200 | ८५,१९० | | | | | | | |
| 4. | Team Member (2) | 5 | 0 | | 100 | ४२,५९५ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार २६ गते (11 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।

**अजम्बरी ओभरसिज सर्भिसेज प्रा. लि.** श्रम इजाजत पत्र नं.: ७७६/०६४/०६५
सिनामंगल, काठमाडौं, नेपाल, फोनः ०१-४५६९३७२ ०१-४५६१०७७ मो. ९८२३३५१५४५, ९८४९१७०६०२, ९८०३०३०१११



## Malaysia मा रोजगार | कम्पनीः SINGHAP (KEDAH) SDN. BHD.
शहर : KEDAH

पूर्व स्वीकृत मितिः २०८०/०३/१८ चलानी नं.: ६०२०४१८३ LT. No.: 288877

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | RM | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | General Worker | 10 | 0 | स. काममा दक्ष | 1500 | ४२,०९० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छैन | छ | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार २६ गते (11 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | रोजगार दाताले व्यहोर्ने | रु. ७००/- रोजगार दाताले | रु. १,५००/- रोजगार दाताले | नि:शुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिन नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । २. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ३. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ४. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नुहोला । ५. काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ६. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।

**Beta Manpower Resources Pvt. Ltd.**
Govt Lic. NO. 1527/074/075
Samakhusi-26, Kathmandu, Phone : 4359955, 4359922
E-mail : betamanpowernepal@gmail.com



## कतारमा रोजगार | कम्पनीः FAMOUS TRADING & CONTRACTING CO WLL
शहरः DOHA

पूर्व स्वीकृत मितिः २०८०/०३ /०३ चलानी नं.: ६०२०३२८६ LT. No.: 287961 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Electrical Ground Network | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1200 | ४३,१२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Technical Support Programmer | 9 | 0 | | 2000 | ७१,८८० | | | | | | | |

## यूएईमा रोजगार | कम्पनीः CLAIRVOYANT GUARD FORCE SECURITY SERVICES LLC
शहरः UAE

पूर्व स्वीकृत मितिः २०८०/०२ /१४ चलानी नं.: ६०२०२१२९ LT. No.: 286746 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | AED | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Security Guard (Male) | 10 | 0 | सम्बन्धित काममा दक्ष | 1600 | ५७,०५६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Purchasing Representative (Male) | 1 | 0 | | 1600 | ५७,०५६ | | | | | | | |
| 3. | Information Clerk (Male) | 1 | 0 | | 1600 | ५७,०५६ | | | | | | | |
| 4. | Date Entry Clerk (Male) | 1 | 0 | | 1600 | ५७,०५६ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार २६ गते (11 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**C.D. Human Resources Pvt. Ltd.**
Gov. Lic. No. 1048/073/74
Kalimati Dol (Near Airport), Kathmandu, Tel.: 01-4486262 | Fax: 4486263,
| Email: cdhr004@gmail.com, URL : www.cdhr.com.np
Mobile :984238673, 9801081253, 9801081255, 9801081252, 9851094766, 9801081247, 9823187308, 9827934073



## Kuwait मा रोजगार | Care For Building & Cities Cleaning Contracting Co. W.L.L.

पूर्व स्वीकृती मितिः २०८०/०३/१८ चलानी नं. ६०२०४१५३ LT No.: 288867

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधी |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| १ | Cleaner (Indoor) | 64 | 64 | काममा दक्ष | 85 | ३६,०९५।- | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

| स्वदेशमा गरिने मेडिकल खर्च कसले गर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकल खर्च कसले व्यहोर्ने | स्वदेशमा गरिने बिमा खर्च कसले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बीमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | कल्याणकारी कोष | अभिमुखीकरण शुल्क | सेवा शुल्क |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैले | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,०००/- कामदार आफैले | रु. ७००/- कामदार आफैले | नि:शुल्क |

अन्तरवार्ता २०८० असार २६ गते (11 July, 2023) यस प्रा. लि. कार्यालय शान्तिनगर, काठमाडौंमा हुनेछ ।

**ईभ नेपाल ओभरसिज प्रा. लि.** श्रम ईजाजत नं. १०१३/०६८/६९
शान्तिनगर, काठमाडौं, फोन नं.: ४१०७५२०, ४६२२४३६



## कुबेतमा वैदेशिक रोजगारको अवसर
कम्पनी : CLEAN FARM CO FOR GEN CLEANING SERVICES FOR BUILDING शहर : Kuwait

पूर्व स्वीकृत मितिः २०८०/०३/१८ चलानी नं.: ६०२०४२०९ LT. No.:288849

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Cleaner | 0 | 40 | स. काममा दक्ष | 120 | ५१,११४ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार २६ गते (11 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोर्ने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु १०,०००/- कामदारले तिर्ने |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**Chandra Kamana Manpower Pvt. Ltd.**
Gov. Lic. No.: 1405/074/075
Ratopul, Gaushala, Kathmandu, Nepal, Tel : 01--4442876, 4438339, 9813013135, 9813768590
Email: chandrakamna05@gmail.com, Web.: www.chandrakamanamanpower.com



## KUWAIT मा रोजगार
कम्पनी : EMMANUELLE SALON & HEALTH INSTITUTE FOR LADIES शहर : KUWAIT

पूर्व स्वीकृत मितिः 2023/07/03 चलानी नं.: 60204188 LT. No.: 288863

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 3 | सम्बन्धित काममा दक्ष | 140 | ५९,६३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicure & Pedicure | 0 | 2 | | 140 | ५९,६३३ | | | | | | | |

२. कम्पनी : URBAN PETS COMPANY FOR TAME ANIMALS CARE & MOBILE TRAINING शहर : KUWAIT

पूर्व स्वीकृत मितिः 2023/07/03 चलानी नं.: 60204190 LT. No.: 288864

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Driver | 1 | 0 | सम्बन्धित काममा दक्ष | 140 | ५९,६३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Pet Groomers | 3 | 0 | | 150 | ६३,८९२ | | | | | | | |
| 3. | Veterinary Med | 1 | 0 | | 250 | १,०६,४८७ | | | | | | | |

३. कम्पनी : DAR LINDA BEAUTY SALON FOR LADIES शहर : KUWAIT

पूर्व स्वीकृत मितिः 2023/07/03 चलानी नं.: 60204189 LT. No.: 288865

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Hairdresser | 0 | 3 | सम्बन्धित काममा दक्ष | 140 | ५९,६३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2. | Manicure & Pedicure | 0 | 2 | | 140 | ५९,६३३ | | | | | | | |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार २६ गते (11 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नु होला ।


**लिभरपुल एच. आर. शोलुशन प्रा. लि.**
**Liverpool H.R. Solution Pvt. Ltd.**
श्रम इजाजत पत्र नं.: १४१५/०७४/०७५
Swoyambhu-15, Kathmandu, Tel : 01-5382303
Mob. : 9851149144 | 9851013724
Email : info@liverpoolhrsolution.com, Web.: www.liverpoolhrsolution.com



## कतारमा रोजगारको अवसर | कम्पनी : SHAQAB ABELA CATERING SERVICES CO. WLL
शहर : DOHA

पूर्व स्वीकृत मितिः २०७९/०२/२७ चलानी नं.: ६०१८०७६४ L.T. No.: 264729 पून विज्ञापन

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | QR | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Technician | 5 | 0 | स. काममा दक्ष | 1100 | ३९,५१२ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० असार २६ गते (11 July 2023) मा हुनेछ ।

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदार आफैले | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगार दाताले दिने | रोजगार दाताले व्यहोर्ने | कामदार आफैले | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | नि:शुल्क |


बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नुहोला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सुचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रो सँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफु सद्रग राख्नुहोला । ६. काममा विदेश जाँदा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, बुद्धनगरमा सम्पर्क गर्नुहोला ।


**Wahaa Manpowers Supplier Pvt. Ltd.**
Govt Lic No. 469/060/061
Kalopool 7, Kathmandu, Nepal., Tel: +977-014581670, 4583566
Email:wahaa.nepal@gmail.com/ 9851049622, 9851071299, 9803100224



## कुवेतमा रोजगार
१. कम्पनीः BERLIN ORDER CO FOR DELIVERY OF CONSUMER ORDERS शहरः KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/०३/१८ चलानी नं.: ६०२०४१९२ LT. No.: 288889

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 11 | 0 | स. काममा दक्ष | 140 | ५९६३३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

२. कम्पनीः AL MADAR AL MOTAMEDA COMPANY FOR DELIVER CONSUMER ORDERS शहरः KUWAIT

पूर्व स्वीकृत मितिः २०८०/०३/१८ चलानी नं.: ६०२०४१९१ LT. No.: 288888

| सि.नं. | कामदारको पद | पुरुष | महिला | न्यूनतम योग्यता | KD | ने. रु. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Car Driver | 30 | 0 | स. काममा दक्ष | 135 | ५७५०३ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा मिति २०८० असार २६ गते (11 July 2023) मा हुनेछ ।

